जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ७ • २०८३ साल जेठ १३ गते बुधबार (27 May, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## हिरासतमा मृत्यु प्रकरण: दश प्रहरीलाई कारबाही




**टुडे समाचारदाता**

सिन्धुली । सिन्धुलीको इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासत कक्षमा थुनुवाको मृत्यु प्रकरणमा प्रहरी उपरीक्षकदेखि प्रहरी जवानसम्म १० जनालाई कारबाहीको सिफारिस गरिएको छ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-३ मा पर्ने जुम्लीडाँडाका २३ वर्षीय श्रीकृष्ण विकको हिरासत कक्षमा मृत्यु भएको घटनाको छानबिन गर्न गठित प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्य नेतृत्वको छानबिन समितिले उनीलाई कारबाही सिफारिस गरिएको छ।

समितिले एक जनालाई सचेत, दुई जनालाई ध्यानाकर्षण, पाँच जनालाई चेतावनीसहित जिम्मेवारीबाट अलग, एक जनालाई नसिहत र एक जनालाई ग्रेड घटुवा गर्न सिफरिस गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ। त्यस्तै जिल्ला प्रहरीका प्रमुखलाई हिरासत व्यवस्थापन जस्तो संवेदनशील विषयमा नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउँदै मुद्दा चलाउने कार्यालयलाई आवश्यक जनशक्ति व्यवस्थापन, घटना एवं सूचना व्यवस्थापन तथा समन्वयलाई थप सुदृढ गर्न सचेत गराई प्रत्येक प्रहरी इकाईमा आवधिक निरीक्षण, हिरासत अवस्थाको नियमित मूल्याङ्कन तथा सुधारमुखी कार्य योजना कार्यान्वयन गर्न समेत समितिले सुझाव दिएको छ।

हिरासतमा रहेका व्यक्तिको जीवन सुरक्षालाई उच्च प्राथमिकतामा राखी कार्य गर्न, हिरासत व्यवस्थापन कार्य निर्देशन, २०८१ को पूर्ण कार्यान्वयन र कार्य सुनिश्चितता गर्ने डिउटीका समयमा अन्य काममा संलग्न नहुने तथा नियमित निगरानी सुनिश्चित गर्ने सो समितिले सुझाव दिएको छ।


### सरकारमा कांग्रेसका क्रान्तिकारी नेताको घोर अपमान

## तीन दलबीच १५ बुँदे सहमति, ५ मन्त्रीको सपथ, राय बर्खास्त

**सञ्जय यादव**

जनकपुरधाम । मधेश प्रदेशको सत्ता साझेदार तीन दलबीच ५ दिनको रस्साकस्सीपछि मंगलबार साँझ ५ जना मन्त्रीले सपथ लिएका छन् ।

प्रदेश प्रमुख सुरेन्द्र लाभले आफ्नै निवासमा नवनियुक्त मन्त्रीहरुलाई सपथ गराए । दुई दिनदेखि मन्त्रीको सपथका लागि सूचीकृत सांसदहरु प्रदेश प्रमुखको निवासमा पुगेर फर्किने गरेका थिए ।



नवनियुक्त मन्त्रीहरुमा नेपाली कांग्रेसबाट रौतहटका नागेन्द्र साह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्री, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संसदीय दलका नेता युवराज भट्टराई(समिर) अर्थ मन्त्रालय, नेकपा एमालेका मो.समिर भौतिक पूर्वाधार विकास मन्त्रालय, शारदा देवी थापा श्रम तथा यातायात मन्त्रालय, लखन दास खेलकुद तथा समाजकल्याण मन्त्रालय र मनोज सिंह शिक्षा तथा संस्कृती मन्त्री रहेका छन् ।

नेपाली कांग्रेसबाट नै स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका जंगीलाल राय यादवलाई घोर अपमान गरिएको छ। नेपाली कांग्रेसकै मुख्यमन्त्री कृष्ण प्रसाद यादवले रायसित राजीनामा समेत माग्न आवश्यक ठानेनन् । बिना पूर्व सूचना अन्तिम समयमा उनलाई बर्खास्त गरी रौतहटमा क्रसर सञ्चालन गर्दै आएका सभापति गगन कुमार थापा समूहका नागेन्द्र साहलाई सो मन्त्रालयको जिम्मेवारी दिएको छ।

कांग्रेसमा गरिएको मन्त्री फेरबदलप्रति चरम असन्तुष्टी देखिएको छ। नेपाल विद्यार्थी संघको राजनीतिबाट कांग्रेस प्रवेश गरेका राय, कुमर कान्त झालगायतलाई उपेक्षा गरिएको छ ।

मन्त्रीमण्डल विस्तारबाट असन्तुष्ट बनेका कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले साँझ सामाजिक सञ्जाल फेसबुक मार्फत पदबाट राजीनामा दिएका छन् । दोस्रो प्रदेश सभाको सपथग्रहणपछि प्रारम्भ भएको लगतै प्रमुख सचेतक बनेका थिए। दलको नेतामा कृष्णप्रसाद यादव चयन भएपछि पहिलो नियुक्ति नै झालाई गरेका थिए ।

छात्र जीवनकालदेखि नै नेपाल विद्यार्थी संघमा सक्रिय रहेका झा कांग्रेसमा निरन्तर लागेका छन् । मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लाबाट एकजनालाइ पनि कांग्रेसले अवसर दिएको छैन ।

सत्ता साझेदारबीच असन्तुष्टिको प्रमुख कारण अर्थ मन्त्रालय भन्दा पनि नेकपाको भागमा रहेको उर्जा, सिचाइँ तथा खानेपानी मन्त्रालय कम गर्नु रहेको थियो । तर नेकपाले मन्त्रालय नछाड्ने अडानमा दृढ रहेपछि कांग्रेस र एमालेले माग स्वीकार गरेको थियो। त्यसपछि मात्र मन्त्रिमण्डल विस्तार भएको हो ।

सत्ता साझेदार तीन दलबीच दिउँसो १५ बुंदे सहमति भएपछि सरकारलाई पूर्णता दिएको छ । गठबन्धन दलहरुबीच भएको सहमति अनुसार आगामी आर्थिक वर्षको प्रारम्भमै मन्त्रिमण्डलको संख्या घटाएर मुख्यमन्त्री सहित ९ जनामा सीमित गरिने छ । साउन महिनाबाट नेपाली कांग्रेसले तीन, नेकपा एमालेले तीन र नेकपाले दुई मन्त्रालय पाउने छन् ।मुख्यमन्त्री साझा रहने सहमति पत्रमा उल्लेख छ ।

हाल नेकां, एमाले र नेकपाको भागमा बराबर मन्त्रालय परेको छ । तर अगामी आर्थिक वर्षदेखि नेका,एमालेको १/१ जना मन्त्री र नेकपाको २ जना मन्त्री हटने छन् ।

सुशासनको अनुभूति प्रत्यक्ष हुने गरी काम गरिने र आगामी आर्थिक वर्षदेखि १ करोड भन्दा कम रकमको योजना नराखिने र प्रतिषर्धा(टेण्डर)बाट मात्र काम गराइनेछ । सरकार नै गन्हाउने गरी उपभोक्ता समिति मार्फत हुने कामहरुलाई बन्द गरिने छ ।

मुख्यमन्त्री र मन्त्रीहरु मध्ये सुशासन कायम गर्न नसक्नेलाई पदमुक्त गरिने र तीन दलीय गठबन्धनलाई चुनावसम्म नै निरन्तरता दिने सहमति भएको छ ।

कर्मचारी सरुवालाई व्यवस्थित गर्न मापदण्ड निर्धारण गरिने सहमति पत्रमा उल्लेख गरिएको छ। कर्मचारी सरुवा मन्त्रीहरुका लागि कमाईको भाँडो बनेको थियो।

बजेट निर्माणको क्रममा योजना बैंकमा प्रबिष्ट भएका योजना र आधाअधुरा रहेका योजनाहरुलाई प्राथमिकता दिने सहमति पत्रमा उल्लेख छ ।

सरकारको काम कारबाहीलाई थप प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा नेकपा एमाले दलका नेता सरोज कुमार यादव र नेकपा दलका नेता युवराज भट्टराई रहने कार्यदल गठन गरिनेछ।

सो सहमति पत्रमा उल्लेख भए अनुसार २०८२/०८३ को कानुनी समयसीमा समाप्त भएका उपभोक्ता सम्बन्धी गठन सम्बन्धी पत्र रद्द गरिने छ।


## किर्ते जन्मदर्तामा वीरगञ्जका मेयर सिंहविरुद्ध पक्राउ पुर्जी

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। किर्ते जन्मदर्ता, नागरिकता तथा राहदानी बनाएको आरोपमा जिल्ला अदालत पर्साले पक्राउ पुर्जी जारी गरेको छ।

अर्काकी छोरीलाई आफ्नै सन्तानका रूपमा देखाएर सरकारी कागजात तयार गरिएको अभियोगमा अदालतले मंगलबार पक्राउ पुर्जी जारी गर्दै अनुसन्धान प्रक्रिया अघि बढाउन आदेश दिएको हो।

पर्सा जिल्ला अदालतले जारी गरेको पक्राउ पुर्जीको चलानी नम्बर २३९१२ रहेको जनाइएको छ । अदालत स्रोतका अनुसार सरकारी लिखत किर्ते, झुट्टा विवरण पेस गरी नागरिकता बनाएको तथा राहदानी सम्बन्धी कसुरमा मेयर सिंहसहित चार जनाविरुद्ध मुद्दा दर्ता भएपछि पक्राउ अनुमति जारी गरिएको हो ।



राजेशमान सिंह

घटनामा सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाकी रिता भट्टराई, उनकी छोरी रुबिना श्रेष्ठ तथा वीरगञ्ज महानगरपालिकाकातत्कालीनपञ्जीकरण अधिकारी भिखारी राय लाई समेत प्रतिवादी बनाइएको छ। उनीहरूविरुद्ध लिखत सम्बन्धी कसुर, नागरिकता किर्ते तथा राहदानी किर्तेसम्बन्धी अभियोग लगाइएको सरकारी वकिल कार्यालयले जनाएको छ।

अभियोगपत्र अनुसार मेयर सिंहले रिता भट्टराईलाई आफ्नी श्रीमतीका रूपमा देखाउँदै २०७१ माघ २० गते रुबिना श्रेष्ठको जन्मदर्ता गराएका थिए । सोही जन्मदर्ताका आधारमा २०७५ साउन १० गते नागरिकता बनाइएको र त्यसको १२ दिनपछि राहदानीसमेत जारी गरिएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

जिल्ला सरकारी वकिल कार्यालय पर्साले गत जेठ १ गते चारवटा अलग-अलग मुद्दा दर्ता गरेको थियो।

पर्सा जिल्ला अदालका श्रेस्तेदार प्रभाकरकुमार मल्लिकका अनुसार मुलुकी अपराध संहिता २०७४ अन्तर्गत किर्ते कागजसम्बन्धी दफा २७६ को उपदफा १, २ र ३ (ग) अनुसार सरकारी वा सार्वजनिक लिखत किर्ते गर्नेलाई सात वर्षसम्म कैद तथा ७० हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था छ। त्यस्तै नागरिकता ऐन २०६३ र अपराध पीडित संरक्षण ऐन २०७५ अन्तर्गत समेत सजायको माग दाबी गरिएको छ।

२०८० साल माघमा वीरगञ्ज-३ का लियाकत अलीले जिल्ला प्रहरी कार्यालय पर्सामा दिएको उजुरीपछि बाहिर आएको थियो। उजुरीमा अर्काकी छोरीलाई आफ्नै छोरीका रूपमा देखाएर जन्मदर्ता, नागरिकता र राहदानी बनाइएको आरोप लगाइएको छ।






# ब्राउनसुगर सहित नेपाली युवक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमावर्ती क्षेत्रमा लागूऔषध तस्करी नियन्त्रणका लागि भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले सञ्चालन गरेको विशेष अभियान अन्तर्गत एक नेपाली युवक ब्राउन सुगरसहित पक्राउ परेका छन् ।

महोत्तरीको मठिहानी नाकासँग जोडिएको भारतको बिहार राज्य अन्तर्गत मधुबनी जिल्लाको मधवापुर नजिक भारतीय सुरक्षाकर्मीले उनलाई नियन्त्रणमा लिएको हो । एसएसबी ४८ जयनगर बीएन कम्पनीका इन्सपेक्टर देवेन्द्र यादव नेतृत्वको टोलीले सीमा स्तम्भ नम्बर २ ९५/४ बाट करिब ९५० मिटर भारतीय भूभागभित्र चेकजाँचका क्रममा युवकलाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्ने व्यक्ति महोत्तरी जिल्लाको पिपरा गाउँपालिका-५ हरदिया निवासी अन्दाजी २५ वर्षीय आकाश मण्डल रहेको भारतीय एसएसबी जयनगरले जानकारी दिएको छ ।

उनी मधुबनीको शाहरघाट क्षेत्रबाट मधेश प्रदेश ०२-००६ प ५१०४ नम्बरको मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका बेला सुरक्षाकर्मीले रोकेर जाँच गरेका थिए । जाँचका क्रममा सिगरेटको बट्टाभित्र लुकाएर राखिएको १० ग्राम ब्राउन सुगर फेला परेको एसएसबीले जनाएको छ । प्रारम्भिक अनुसन्धानअनुसार मण्डलले उक्त लागूऔषध शाहरघाटका एक व्यक्तिबाट ल्याई महोत्तरीको जलेश्वरमा रहेका 'सोनु' नामले चिनिने युवकलाई बुझाउन लागेको खुलेको बताइएको छ ।

घटनापछि प्रहरीले मण्डलको साथबाट बरामद दुई थान मोबाइल फोन र प्रयोग गरिएको मोटरसाइकल समेत नियन्त्रणमा लिएको छ । पक्राउ परेका युवकलाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउँदै थप अनुसन्धान भइरहेको इन्सपेक्टर यादवले बताएका छन् ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय लागूऔषध तथा मादक पदार्थको तस्करी बढ्दै गएको गुनासो निरन्तर आउन थालेपछि एसएसबीले विशेष टोली परिचालन गरेर निगरानी तथा नियन्त्रण अभियान तीव्र बनाएको जनाएको छ । सोही अभियानअन्तर्गत यो सफलता हात परेको सुरक्षाकर्मीको भनाइ छ ।

## सिरहामा शासकीय सुधार संवादः

# सुशासन र पारदर्शितामा जोड

सिरहा । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा सिरहामा मंगलबार 'शासकीय सुधार संवाद शृंखला-१०' कार्यक्रम सम्पन्न भएको छ । स्थानीयस्तरमा सुशासन प्रवर्द्धन, प्रशासनिक सेवा प्रवाहमा सुधार र नागरिकका गुनासा प्रत्यक्ष सुन्ने उद्देश्यले सिंहदरबारको उच्चस्तरीय टोलीले सिरहाका सरोकारवालाहरूसँग विशेष संवाद गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखाका प्रमुख एवं सहसचिव डा भीष्मकुमार भुसालले जनताको गुनासो सुन्ने संयन्त्र 'हेल्लो सरकार' को पहुँचलाई अब स्थानीयस्तरसम्मै विस्तार गर्ने योजना रहेको सुनाउनुभयो ।

उहाँले प्राप्त हुने वास्तविक गुनासाहरूको सूक्ष्म अध्ययन गरी सरकारी सेवालाई पारदर्शी र सूचनाको पहुँचलाई सहज बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । "भ्रष्टाचार निर्मूल गर्न असम्भव छैन, तर यसका लागि सबैले आ-आफ्नो ठाउँबाट सामूहिक अठोट र दृढ प्रतिबद्धता देखाउनु आवश्यक छ," सहसचिव डा भुसालले भन्नुभयो । उहाँले नागरिकलाई दिइने सेवामा ढिलासुस्ती नगर्न र आफ्नो कार्यशैलीमा सुधार ल्याउन मातहतका कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

संवादका क्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले तीनै तहका सरकारको प्रशासनिक परीक्षण हुन नसक्दा विभिन्न विकृतिहरू मौलाउँदै गएको औँल्याउनुभयो । समस्याग्रस्त देखिएका स्थानीय निकायहरूलाई थप कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिँदै प्रजिअ



पौडेलले स्थायी जनशक्तिको उचित व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह गम्भीर रूपमा प्रभावित भइरहेको बताउनुभयो ।

साथै उहाँले बदलिँदो समयअनुसार सामाजिक सञ्जाल व्यवस्थापनका लागि ठोस नीतिको आवश्यकता रहेको, डिजिटल कारोबारलाई प्रोत्साहन गर्नुपर्ने र जिल्लामा बर्सेनि देखिने नदीजन्य पदार्थको उत्खननसम्बन्धी विवाद समाधानका लागि स्पष्ट निर्देशिका आवश्यक रहेकामा जोड दिनुभयो ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरूले तल्लो तहमा कर्मचारी व्यवस्थापनको गम्भीर समस्या रहेको बताउँदै सङ्घीय सरकारले तत्काल कर्मचारी व्यवस्थापनमा जोड दिनुपर्ने बताउनुभयो । स्थायी कर्मचारीको अभावमा स्थानीय सरकारका योजना र दैनिक प्रशासनिक कामहरू प्रभावित भइरहेको उनीहरूको गुनासो थियो ।


संवाद कार्यक्रममा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरू, नेपाल उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, स्थानीय पालिकाका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज एवं स्थानीय सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले केन्द्रबाटै आएको उच्चस्तरीय टोलीसमक्ष जिल्लाको सुशासन, विकास निर्माणमा हुने ढिलासुस्ती र प्रशासनिक झन्झटका विषयमा आफ्ना सुझाव र गुनासाहरू राखेका थिए । रासस

> "भ्रष्टाचार निर्मूल गर्न असम्भव छैन, तर यसका लागि सबैले आ-आफ्नो ठाउँबाट सामूहिक अठोट र दृढ प्रतिबद्धता देखाउनु आवश्यक छ,"

# विपद्‌का बेला गरिने तालिम

जलेश्वर । महोत्तरीको सदरमुकाम जलेश्वरमा आज नेपाली सेना र सशस्त्र प्रहरीले बाढीजन्य उद्धार कार्यको संयुक्त रुपमा पूर्वअभ्यास गरेका छन् । स्थानीय बासिन्दाको जीउधनको सुरक्षाका लागि सुरक्षाकर्मीको संयुक्त टोलीले पूर्वअभ्यास गरेका हुन् ।

नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले जलेश्वर नगरपालिका-१ मा अवस्थित बरुण सरोवर (पोखरी)मा उद्धारका विभिन्न पूर्वअभ्यासहरु गरेका हुन् । बाढीजन्य विपद्को बेला उद्धार कार्यमा प्रयोग हुने डुँगा,



डोरी, ट्युब, लाइफ ज्याकेट, ह्याट, ड्रम र अन्य सहयोगी सामग्रीको प्रयोग गरेर सुरक्षाकर्मीले संयुक्त पूर्वअभ्यास गरेका थिए ।

सुरक्षाकर्मीहरुले गरेको संयुक्त उद्धार पूर्वअभ्यासको अवलोकन जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित चारै तहका सुरक्षा प्रमुख र सयौँको संख्यामा सर्वसाधारणको उपस्थिति थियो । रासस

# नेपाललाई १० कैदी वाहक ट्रक उपहार

**टुडे समाचारदाता**

वीरगञ्ज । भारत सरकारले नेपालको कानून प्रवर्तन क्षमतालाई थप सुदृढ बनाउन १० वटा कैदी वाहक ट्रक उपहारस्वरूप प्रदान गरिएको छ ।

वीरगंजमा मंगलबार आयोजित एक कार्यक्रममा भारतका महावाणिज्यदूत देवी सहाय मीनाले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई उक्त ट्रकहरू औपचारिक रूपमा हस्तान्तरण गरेका छन् । उक्त सहयोग भारत सरकारद्वारा नेपाललाई उपलब्ध गराइएको सुरक्षा तथा कानून



कार्यान्वयनसम्बन्धी सहयोग कार्यक्रमअन्तर्गत प्रदान गरिएको बताइन्छ ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दाहालले भारत सरकारप्रति धन्यवाद व्यक्त गर्दै दुई देशबीचको घनिष्ठ तथा पारस्परिक हितमा आधारित सहकार्यको प्रशंसा गरे । उनले यस्ता सहयोगले नेपाल-भारत सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे ।

यसअघि पनि भारत सरकारले नेपाल सरकारको अनुरोधमा २०२६ मार्च ५ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनका लागि एसयूभी, पिकअप र ट्रकसहित करिब ६४० वटा सवारी साधन उपहारस्वरूप प्रदान गरिसकेको छ ।

त्यस्तै विगतका वर्षहरूमा भारतले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनालगायत सुरक्षा निकायलाई २ हजारभन्दा बढी सवारी साधन सहयोगस्वरूप उपलब्ध गराएको जानकारी दिइएको छ ।

भारत सरकारले प्रदान गरेको सहयोगले नेपाल-भारतबीचको बहुआयामिक विकास साझेदारी, आपसी विश्वास र मित्रतालाई थप प्रगाढ बनाएको दुवै पक्षले बताएका छन् ।

# श्रीमान श्रीमतिको झगडामा धक्काले एकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-४ मा मदिरा सेवन गरी लठ भएका एक व्यक्तिलाई अर्को व्यक्तिले धक्का दिँदा उनको मृत्यु भएको छ । रौतहट प्रहरीले धक्का दिने व्यक्तिलाई पक्राउ गरी अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ ।

मृत्यु हुनेमा चन्द्रपुर नगरपालिका-४ का ३० वर्षीय विष्णु सुवेदी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । भूईमा लडेर अचेत भएका सुवेदीको उपचार आभावमा गएराति मृत्यु भएको प्रहरी श्रोतले जनाएको छ ।

प्रहरीका अनुसार बाराको निजगढ नगरपालिका-६ घर भई



हाल चन्द्रनिगाहपुरमा डेरा गरी बस्दै आएका ३८ वर्षीय विमल मोक्तान र उनकी श्रीमतिबीच विवाद भइरहेका बेला मदिरा सेवन गरी सडकमा हिँडिरहेका अर्का युवक सुवेदीलाई मोक्तानले धक्का दिएका थिए । धक्काले सडकमा लडेर सुवेदी गम्भीर घाइते भएका थिए ।

घटनापछि स्थानीयवासी तथा आफन्तले तत्कालै सुवेदीलाई चन्द्रनिगाहपुर स्थित रिसरेखा अस्पतालमा उपचारका लागि पुर्याएका थिए । अस्पतालमा प्रारम्भिक उपचारपछि चिकित्सकले थप उपचारका लागि अन्यत्र रेफर गरेका थिए । तर आर्थिक अभावका कारण परिवारले उनलाई घरमै फर्काएको बताइएको छ ।

घर फर्काइएका सुवेदीको स्वास्थ्य अवस्था बिग्रिँदै गएको र गएराति करिब १२ बजेको समयमा मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाए । प्रहरीले आरोपित विमल मोक्तानलाई नियन्त्रणमा लिएर अनुसन्धान कार्य सुरु गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले बताएका छन् ।

# दलित समुदायः संघर्ष, सीप र सम्मानको खोजी

महेन्द्रनगर । मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस धनुषा जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन् । तर परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन् ।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ । जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको वसोवास उल्लेख्य रहेको छ । जनकपुरधामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भन्नुभयो, "पहिला हाम्रो



समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन ।" उहाँका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन् । चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएको छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ । तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउनुहुन्छ । डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन् ।

धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ । जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ । दैनिक ज्यालादारी मजदूरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन । कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन् । आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन् । सबैला नगरपालिका-१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्नुहुन्छ, "बच्चालाई विद्यालय पठाउन चाहन्छौँ, तर घर चलाउनै गाह्रो हुन्छ ।"

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउनुहुन्छ । "कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्", उहाँले भन्नुभयो । दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ ।

प्रारम्भिक शिक्षा पछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उहाँको भनाइ छ । जनकपुरधाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवं मानव अधिकारकर्मी राजु पासवानले बताउनुहुन्छ ।

धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय-समयमा सार्वजनिक हुने गरेको छ । रासस

**कर्मचारी आवश्यकता**

हाम्रो प्रतिष्ठित र अत्याधुनिक हिरो शो रुमका लागि अनुभवी, दक्ष र जिम्मेवार हेड मिस्त्रीको आवश्यकता भएको हुनाले इच्छुक नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिन्छ।

**पदः हेड मिस्त्री (Head Mechanic) - केही**

**न्यूनतम योग्यता र अनुभवः**

- मोटर साइकल मर्मत सम्बन्धी काममा कम्तीमा ३ वर्षको अनुभव भएको ।
- ग्राहकहरूसँग नम्र र व्यावसायिक व्यवहार गर्न सक्ने।
- चालक अनुमति पत्र अनिवार्य भएको।

**तलब तथा सुविधाहरूः**

- तलबः आकर्षक (तपाईंको अनुभव र दक्षताको आधारमा आपसी समझदारीमा तय गरिनेछ)।
- खान र बस्ने सुविधा पनि दिइनेछ ।

**सम्पर्क प्रक्रियाः**

इच्छुक योग्य उम्मेदवारहरूले आफ्नो बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित तल दिएको ठेगाना वा फोन नम्बरमा तुरुन्त सम्पर्क गर्नुहोला।

**हिरो शो रुम, धनुषाधाम**

सम्पर्क नं. ९८१०१७११६३, ९८१८८४६८४९

**ज्योतिष-मार्गदर्शन**

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | मिहिनेतलेनाम, दामरइनाम दिलाउनेछ। |
| वृष : | प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष गर्नेहरुले हार खानेछन् । |
| मिथुन : | फाइदाको स्रोत पहिल्याउन सकिनेछ । |
| कर्कट : | हडबडीले काम बिग्रन सक्छ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । |
| सिंह : | छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । |
| कन्या : | पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । |
| तुला : | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । |
| वृश्चिक : | परिस्थितिवश आफन्तबाट टाढिनु पर्ला । |
| धनु : | दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । |
| मकर : | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन् । |
| कुम्भ: | आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत गराउनेछ । |
| मीन: | बेसुरको निर्णयले समस्या आउला । बलजफ्तीले काम बिग्रन सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रधानमन्त्री शाह एक साताभित्र सदनमा उपस्थित हुनुहुन्छ : मुख्य सचेतक बुर्लाकोटी



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री वालेन्द्र साह एक साताभित्र सदनमा उपस्थित हुने जानकारी गराउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा सभामुखसँग समय लिएर मुख्य सचेतक बुर्लाकोटीले सो कुराको जानकारी गराउनुभयो ।

तत्पश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले)को संसदीय दलका उपनेता पद्मा अर्यालले सभामुखले कार्यव्यवस्था परामर्श समितिमा भएको समझदारीअनुसार बैठकमा सत्तापक्षको प्रस्तुति नआएको उल्लेख गर्दै सदन सरकारको प्रशंसा गर्ने थलो बन्न सक्ने जिकिर गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद प्रमेश हमालले प्रधानमन्त्री संसद्मा उपस्थित हुने सम्बन्धमा सत्ता पक्षका मुख्य सचेतकले राख्नुभएको विषयमा सभामुखबाट रुलिङको माग गर्नुभयो । राप्रपाका सचेतक खुश्बु ओलीले कार्यव्यवस्था परामर्श समितिमा भएको समझदारीको पालना गर्न सत्ता पक्षलाई आग्रह गर्नुभयो ।रासस

# बजेट लेखन अन्तिम चरणमा

काठमाण्डु । सरोकारवाला निकायको महत्त्वपूर्ण सुझावलाई समेटेर अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट लेखनलाई करिब अन्तिम चरणमा पुर्‍याएको छ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सङ्घीय संसद्का दुवै सदनमा सांसदहरूले दिनुभएको सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई केन्द्रमा राखेर बजेट लेखन गरिरहनुभएको छ ।

यही जेठ १५ गते गणतन्त्र दिवसको दिन सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्नुहुने कार्यक्रम छ । नयाँ संविधान जारी भएपछि हरेक वर्ष जेठ १५ गते नै बजेट प्रस्तुत हुँदै आएको छ ।




पछिल्ला केही दिनदेखि अर्थमन्त्री डा वाग्लेले बिहानदेखि मध्यरातसम्म बजेट लेखनलाई अन्तिम रूप दिन लागि पर्नुभएको उहाँका स्वकीय सचिव नवीन ढुङ्गानाले जानकारी दिनुभयो ।

सङ्घीय संसद्ले सांसदहरूले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त माथिको छलफलमा क्रममा दिनुभएको सुझावलाई पनि लिपिबद्ध गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थमन्त्रालयलाई उपलब्ध गराएको छ ।

अर्थमन्त्री डा वाग्लेले पूर्वअर्थमन्त्री, अर्थविद् हरूसँग पनि बजेटका बारेमा छलफल गरिसक्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स जस्ता संस्थाको सुझाव यसअघि नै लिइसक्नुभएको छ ।रासस

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. ४ हाल परिवर्तित विदेह न.पा. वडा नं. ६ मा बस्ने दुखी साह तेलीको बुहारी सिटहा साहु तेलीको पत्नी लडूबती देवीले मेरो पति सिटहा साहु तेलीको नाउँमा लगत कायम रहेको साबिक मौजे एकराहीको सा.कि.नं. ८५१ क्षेत्रफल ‌‍।।।२, सा.कि.नं.८६४ क्षेत्रफल ।।१ र सा.कि.नं.१०४८ क्षेत्रफल ।०४ जग्गा सर्वे नापी हुँदा जिल्ला धनुषा गा.वि.स.एकराही वडा नं.४ कि.नं.५१ क्षेत्रफल ०-२-१६, ऐ.ऐ.कि.नं.१६४ क्षेत्रफल ०-०-१३ र ऐ.ऐ.कि.नं.१२९ क्षेत्रफल ०-०-१३ जग्गा निज नापीको बखत अनुपस्थित भएको कारण फिल्डबुकमा नाम उल्लेख हुन नसकेकोमा निजको मिति २०५९/०२/१४ मा मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी म निवेदिका लडूवती देवी भएकोले मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.२९९२९ मिति २०८१/०३/१४ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| एकराही | ४ | ५१ | ०-२-१६ | खाली |
| एकराही | ४ | १६४ | ०-०-१३ | |
| एकराही | ४ | १२९ | ०-०-१३ | |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. ३ हाल परिवर्तित विदेह न.पा. वडा नं. ६ मा बस्ने बाबुलाल मण्डलको नाती झरिया मण्डलको छोरा धनिया मण्डल नाममा साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा तपसिल बमोजिमको जग्गा दर्ता हुन छुट रहेकोले निज धनिया मण्डलको मिति २०३० साल भन्दा अगावै मृत्यु भईसकेको र निजको आपुताली हकखाने एकमात्र पत्नी महगी देवीको समेत मिति २०३५ साल भन्दा अगावै मृत्यु भईसकेको हुदाँ निजहरुको मृत्यु पश्चात आपुताली हकखाने जेठो छोरा रामवृक्ष मण्डल र कान्छो छोरा हरि मण्डल केवट रहेकोमा रामवृक्ष मण्डलको मिति २०७७/०३/२२ गतेमा मृत्यु भई आपुताली हकखाने एकमात्र पत्नी पवित्री देवी मण्डल-१ र हरि मण्डल केवटको मिति २०७१/०१/१७ गतेमा आफ्नै कालगतिले मृत्यु भई मृत्यु पश्चात आपुताली हकखाने एकमात्र पत्नी रामवती मण्डल-१ रहेको हुदाँ तपसिल बमोजिमको जग्गाहरु हामी निवेदकहरु रामवती मण्डल र पवित्री देवी मण्डल समेतको संयुक्त नाउँमा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं. १२३६२ मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबूत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| एकराही | ४ | १४८ | ०-२-७ | खाली |
| एकराही | ४ | १८५ | ०-१५-० | |

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वज सार्वजनिक सूचना

जिल्ला धनुषा एकराही गा.वि.स. वडा नं. ३ हाल परिवर्तित बिदेह न.पा. वडा नं. १ मा बस्ने बाबुलाल मण्डलको नाती झरिया मण्डलको छोरा सम्पैत मण्डलको नाममा साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा तपसिल बमोजिमको जग्गा दर्ता हुन छुट रहेकोले सम्पैत मण्डलको मिति २०३९/०१/१० गतेमा आफ्नै कालगतिले मृत्यु भई मृत्यु पश्चात आपुताली हकखाने एकमात्र पत्नी लजिया देवी मण्डलको मिति २०३५ साल भन्दा अगावै मृत्यु भईसकेकोले निजहरुको मृत्यु पश्चात ३ छोराहरु जेठो छोरा लल्टु मण्डल-१. माईलो छोरा भोला मण्डल-१ र कान्छो छोरा कारी मण्डल-१ बाहेक अरु अववाहित छोरीहरु नरहेको हुदाँ तपसिल बमोजिमको जग्गाहरु हामी निवेदकहरु लल्टु मण्डल, भोला मण्डल र कारी मण्डल समेतको संयुक्त नाउँमा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं. १२३६३ मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | फिल्डबुक व्यहोरा |
|---|---|---|---|---|
| एकराही | ३ | ७१ | ०-१-० | खाली |
| एकराही | ३ | २४ | ०-१-१ | |
| एकराही | ४ | २४ | ०-०-१५ | |
| एकराही | ४ | ११० | ०-०-८ | |
| एकराही | ४ | १९५ | ०-२-११ | |
| एकराही | ४ | २० | ०-०-७ | |
| एकराही | ५ | १०७ | ०-१-० | |


क.र.का.दर्ता नं. : ९६८६७/०६९/०७०

## महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
## MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालयः अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी, फोन नं.: ०३१-४११००५
Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

## ऋण कर्जा चुक्ता/भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना


प्रकाशित मितिः २०८३/०२/१३ गते

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| शाखाको नाम | बिवरण | नाम | नागरिकता न. | नागरिकता जारी मिती र जारी जिल्ला | स्थायी ठेगाना | हालको ठेगाना | पति/बुवा | ससुरा/वाजे |
|---|---|---|---|---|---|---|---|---|
| बलवा, महोत्तरी | ऋणीको बिवरण | मन्जुला कुमारी देवी | १८-०१-७०-०८२७३ | २०७०।१०।१४, महोत्तरी | महोत्तरी, गा.वि.स.वनौटा-५, महोत्तरी | बलवा, न.पा.-८, महोत्तरी, भलवाही, मधेश प्रदेश | ओपिन्दर महतो | राम अतार महतो |
| | जमानतकर्ताको बिवरण | मनिष कुमार महतो | १८-०१-७९-१००२६ | २०७९।१०।०४, महोत्तरी | वलवा न.पा.-८, महोत्तरी | बलवा, न.पा.-८, महोत्तरी, भलवाही, मधेश प्रदेश | बुवा-ओपिन्दर महतो | बाजेः राम अतार महतो |
| | ऋणीको बिवरण | लालो देवी | ९५/०५७/०५८ | २०५७।५।१९, महोत्तरी | गा.वि.स.वनौटा- ८, महोत्तरी | बलवा, न.पा.-८, महोत्तरी, भलवाही, मधेश प्रदेश | दुखरन महतो कोइरी | जदुनन्दन महतो कोइरी |
| | ऋणीको बिवरण | जिवछी देवी | १८३०२६/३९६ | २०६३।१०।२६, महोत्तरी | गा.वि.स.डाम्ही मडै-७, महोत्तरी | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | रविन्द्र मंडल | रुदल मण्डल |
| | जमानतकर्ताको बिवरण | रविन्द्र मंडल | २३१९१५१२ | २०४९।१।१६ ,महोत्तरी | गा.वि.स.डाम्ही मडै-७, महोत्तरी | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | रुदल मण्डल | |
| | ऋणीको बिवरण | शारदा देवी साह | १८३०२६/७८ | २०६३।११।१ ,महोत्तरी | गा.वि.स.डाम्हीमडै-५, महोत्तरी | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | रामजिवन साह | कइलु साह |
| | जमानतकर्ताको बिवरण | रामजिवन साह | २३१९३४८५ | २०५९।१२।२६, महोत्तरी | गा.वि.स.डाम्हीमडै-५, महोत्तरी | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | कइलु साह | |
| | ऋणीको बिवरण | फेक्नी देवी | १८३०२६/६५४ | २०६३।११।०२, महोत्तरी | गा.वि.स.महोत्तरी-३, महोत्तरी, | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | भुखन दास | गणेश दास तत्मा |
| | जमानतकर्ताको बिवरण | भुखन दास | २३१९४०७१/३१९१ | २०५९।६।९, महोत्तरी | गा.वि.स.डाम्हीमडै-३, महोत्तरी | महोत्तरी गा.पा.-३, महोत्तरी, मधेश प्रदेश | गणेश दास तत्मा | |
| | ऋणीको बिवरण | दुलारी देवी | १८-३-०४२/१९४२ | २०६३।१०।२४, महोत्तरी | गा.वि.स.धमौरा-६, महोत्तरी | वलवा न.पा.-११, महोत्तरी, मधेश प्रदेश | दशरथ महरा | अछवा चमार |
| | जमानतकर्ताको बिवरण | दशरथ महरा | १८३०४२/११०७ | २०६३।१०।२१, महोत्तरी | गा.वि.स.धमौरा-६, महोत्तरी | वलवा न.पा.-११, महोत्तरी, मधेश प्रदेश | अछवा चमार | |
| | ऋणीको बिवरण | सोनतिला देवी महरा | १८-०१-७५-०९३१९ | २०७५।१०।१४, महोत्तरी | बलवा न.पा.-११, महोत्तरी | वलवा न.पा.-११, महोत्तरी, मधेश प्रदेश | जासर चमार | तेजवा चमार |
| | जमानतकर्ताको बिवरण | जासर चमार | १८३०४२/६६ | २०७०।१।२७, महोत्तरी | गा.वि.स.धमौरा-८, महोत्तरी | वलवा न.पा.-११, महोत्तरी, मधेश प्रदेश | तेजवा चमार | |
| | ऋणीको बिवरण | सुरजी कुमारी देवी | १८३०४२/९० | २०७०।१।२७, महोत्तरी | गा.वि.स.धमौरा-६, महोत्तरी | वलवा न.पा.-११,महोत्तरी,मधेश प्रदेश | राम एकवाल चमार | तेजवा चमार |
| | जमानतकर्ताको बिवरण | पुरनी देवी | १८-३-०४२/२२९० | २०६३।१०।२६, महोत्तरी | गा.वि.स.धमौरा-६, महोत्तरी | वलवा न.पा.-११,महोत्तरी,मधेश प्रदेश | तेजवा चमार | |
| | ऋणीको बिवरण | अमरिका देवी | १८३०२४/३४३ | २०६३।११।५, महोत्तरी | गा.वि.स.सैाढा-६, महोत्तरी | जिल्ला महोत्तरी ,मनरा सिस्वा न.पा.-४, महोत्तरी, मधेश प्रदेश | नरेश महतो | लाल विहारी महतो |
| | जमानतकर्ताको बिवरण | लाल विहारी महतो | ८०५२०८८३ | २०४२।१०।२३, महोत्तरी | गा.वि.स.सैाढा-६, महोत्तरी | जिल्ला महोत्तरी ,मनरा सिस्वा न.पा.-४, महोत्तरी, मधेश प्रदेश | लाखन महतो | |
| बरमझिया, धनुषा | ऋणीको बिवरण | वविता कुमारी | १७१०४१/१३७ | २०६७।३।२९, धनुषा | गा.वि.स.लवटोली-७, धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, धनुषा, मधेश प्रदेश | शिव कुमार यादव | तपेश्वर यादव |
| | जमानतकर्ताको बिवरण | शिव कुमार यादव | १७१०४१/२८ | २०६३।१०।२,धनुषा | गा.वि.स.लवटोली-७, धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, धनुषा, मधेश प्रदेश | तपेश्वर यादव | |
| | ऋणीको बिवरण | पुजा कुमारी कापर | १७-०१-७६-१७२०४ | २०७६।१२।०३, धनुषा | न.पा.गणेशमान चारनाथ-७ धनुषा, | न.पा.गणेशमान चारनाथ-७ बरमझिया, धनुषा, मधेश प्रदेश | सुनिल कुमार कापर | राम शोभित कापर केवट |
| | जमानतकर्ताको बिवरण | राम शोभित कापर केवट | ०१७०३०४६/२७६ | २०६४।१।८, धनुषा | गा.वि.स. लवछोली-४, धनुषा | न.पा.गणेशमान चारनाथ-७ बरमझिया, धनुषा, मधेश प्रदेश | बुवा-सलहेश कापर | |
| | ऋणीको बिवरण | रन्जु कुमारी | १७-०१-७५-०४७०० | २०७४।०३।२६, धनुषा | न.पा.गणेशमान चारनाथ-११, धनुषा | न.पा.गणेशमान चारनाथ-११,डुमरीया, धनुषा, मधेश प्रदेश | शिव कुमार रवि दास चमार | धनिक लाल चमार |
| | जमानतकर्ताको बिवरण | पवित्रा देवी चमार | ७५७२३२६७ | २०४४।१२।१८, धनुषा | गा.वि.स.रघुनाथपुर-९, धनुषा | न.पा.गणेशमान चारनाथ-११, डुमरीया, धनुषा, मधेश प्रदेश | बुवा-किसुन चमार | |
| | ऋणीको बिवरण | रिना कुमारी यादब | १७३०४१-१९४ | २०७०।२।२३, धनुषा | बरमझिया-६, धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, धनुषा, मधेश प्रदेश | रामसागर यादब | राज कुमार यादब |
| | जमानतकर्ताको बिवरण | रामसागर यादब | ५२२४२५२३ | २०६३।०५।१५, धनुषा | बरमझिया-६, धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, धनुषा, मधेश प्रदेश | राज कुमार यादब | |
| | ऋणीको बिवरण | रबन कुमारी देवी | १७३०४१-१९१ | २०७०।२।२३, धनुषा | बरमझिया-९, धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, जयनगरटोल, धनुषा, मधेश प्रदेश | मन्जीत कुमार माली | बुदीया माली |
| | जमानतकर्ताको बिवरण | मन्जीत कुमार माली | १७१०४१/१०९ | २०६६।१०।२८, धनुषा | बरमझिया-९,धनुषा | न.पा.गणेशमान चारनाथ-९ बरमझिया, जयनगरटोल, धनुषा, मधेश प्रदेश | बुदीया माली | |
| हरिपुर्वा, सर्लाही | ऋणीको बिवरण | गिता देवी | १९३०४७/१२० | २०६३।१२।१५, सर्लाही | गा.वि.स.जिङ्गडवा-६, सर्लाही | पर्सा गा.पा.-४, कविलासी, सर्लाही | भुवन राय यादब | विजनन्दन राय |
| | जमानतकर्ताको बिवरण | नन्द किशोर राम | ४१४४२०२६ | २०६२।८।५, सर्लाही | गा.वि.स.जिङ्गडवा-६, सर्लाही | पर्सा गा.पा.-४, कविलासी, सर्लाही | बुवाः राम बृक्ष राय | |
| | ऋणीको बिवरण | पंजा कुमारी देवी | १९-०१-७५-०६७५० | २०७५।०६।२२, सर्लाही | न.पा.कविलासी-८, सर्लाही | न.पा.कविलासी-८, अगर्वा, सर्लाही | विधानन्द चमार | रामएकवाल चमार |
| | जमानतकर्ताको बिवरण | मोहरलाल चमार | १९१०५९/१४५ | २०६७।६।३, सर्लाही | न.पा.कविलासी-२, सर्लाही | न.पा.कविलासी-८, अगर्वा, सर्लाही | बुवाः रामएकवाल चमार | |
| | ऋणीको बिवरण | सोविता कुमारी देवी | १९-०१-७६-०३६११ | २०७६।०२।२७, सर्लाही | न.पा.कविलासी-८, सर्लाही | न.पा.कविलासी-८, अगर्वा, सर्लाही | सिकन्दर महरा | गनीपत चमार |
| | जमानतकर्ताको बिवरण | सिकन्दर महरा | १९३०५९/२२ | २०६३।१०।२, सर्लाही | न.पा.कविलासी-२, सर्लाही | न.पा.कविलासी-८, अगर्वा, सर्लाही | गनीपत चमार | |
| | ऋणीको बिवरण | विनिता कुमारी देवी | १९३०५२/२१५ | २०६३।१२।१६, सर्लाही | गा.वि.स. गौरीशंकर-९, सर्लाही | ईश्वापुर न.पा.-१३, महरनी बजार, सर्लाही | रामहिलिस शर्मा | पुलकित शर्मा |
| | जमानतकर्ताको बिवरण | रामहिलिस शर्मा | १९३०५२/१४० | २०६३।१२।१५ ,सर्लाही | गा.वि.स. गौरीशंकर-९, सर्लाही | ईश्वापुर न.पा.-१३, महरनी बजार, सर्लाही | पुलकित शर्मा | |
| | ऋणीको बिवरण | रंजु कुमारी देवी थरुनी | १९३०५२/२२३५ | २०६४।०१।२५, सर्लाही | गा.वि.स. गौरीशंकर-३, सर्लाही | ईश्वापुर न.पा.-१५ सोकनाहा, सर्लाही | अशोक चौधरी | तेज नारायण चौधरी |
| | ऋणीको बिवरण | रविन्द्र राय | १९-०१-८०-०००१७ | २०८०।०१।०३, सर्लाही | न.पा. हरिपुर्वा-५, सर्लाही | न.पा. हरिपुर्वा-५, सर्लाही | विन्देसर राय | प्रभु राय |
| | ऋणीको बिवरण | सुनिता कुमारी | १९-०१-५३-०८७४६ | २०७३।०८।१३, सर्लाही | न.पा.मलंगवा-९, सर्लाही | न.पा.मलंगवा-९, सर्लाही | गणेश राउत | सुमन राउत |
| | जमानतकर्ताको बिवरण | गणेश राउत | १९३०३१/१५५८ | २०६३।१२।३०, सर्लाही | न.पा.मलंगवा-९, सर्लाही | न.पा.मलंगवा-९, सर्लाही | सुमन राउत | |
| | ऋणीको बिवरण | जनारसी कुमारी देवी | १९-०१-७७-२३५८५ | २०७७।१२।३० ,सर्लाही | गा.पा.पर्सा-६, सर्लाही | गा.पा.पर्सा-६, सर्लाही | शंकर पासवान | नरेश पासवान |
| | जमानतकर्ताको बिवरण | राजु पासवान | १९-०१-७८-१८२९८ | २०७८।१२।०९, सर्लाही | गा.पा.पर्सा-५, सर्लाही | गा.पा.पर्सा-५, सर्लाही | बुवाः सुरेश पासवान | |
| | ऋणीको बिवरण | ललिता कुमारी | १९-०१-७७-२३३०३ | २०७७।१२।२६, सर्लाही | गा.पा.पर्सा-६, सर्लाही | गा.पा.पर्सा-६, सर्लाही | ब्रहम्देव महरा | राम औतार महरा |
| | जमानतकर्ताको बिवरण | ब्रहम्देव महरा | १९१०४५/२७० | २०६८।११।२१ ,सर्लाही | गा.पा.पर्सा-३, सर्लाही | गा.पा.पर्सा-६, सर्लाही | राम औतार महरा | |
| | ऋणीको बिवरण | रेखा देवी | १९३०४४/३६१ | २०६३।१२।२६, सर्लाही | गा.वि.स.संग्रमपुर-५, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | जय कुमार साह | योगिन्द्र सा कानु |
| | जमानतकर्ताको बिवरण | जय कुमार साह | २०३२४०५८ | २०६०।२।४, सर्लाही | गा.वि.स.संग्रमपुर-५, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | योगिन्द्र सा कानु | |
| | ऋणीको बिवरण | रेशमी कुमारी देवी | १९१०४४/२४९ | २०६६।०७।२३, सर्लाही | गा.वि.स.संग्रमपुर-२,सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | रामबाबु महरा | चन्देश्वर महरा |
| | जमानतकर्ताको बिवरण | रामबाबु महरा | १९१०४४/१४६ | २०६५।५।३१, सर्लाही | गा.वि.स.संग्रमपुर-२, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | चन्देश्वर महरा | |
| | ऋणीको बिवरण | पुनम देवी | १९-०१-७२-०३५२१ | २०७२।०४।२९, सर्लाही | गा.वि.स.संग्रमपुर-४, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | राजिब साह | ढोढाई साह तेली |
| | जमानतकर्ताको बिवरण | राजिब साह | १९१०४४/२८२ | २०६८।११।९, सर्लाही | गा.पा.पर्सा-४, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | ढोढाई साह तेली | |
| | ऋणीको बिवरण | उषा कुमारी झा | १९-०१-७८-०८२६२ | २०७८।०७।१४ ,सर्लाही | गा.पा.पर्सा-४, सर्लाही | गा.पा.पर्सा-४, कविलाशी, सर्लाही | अजय कुमार झा | |
| | जमानतकर्ताको बिवरण | नरेश झा मैथिल | १९३०४७/२ | २०६३।११।३०, सर्लाही | गा.वि.स.जिङ्गडवा-६, सर्लाही | गा.पा.पर्सा-४, कविलाशी, सर्लाही | बुवाः हरदेव झा मैथिल | |
| | ऋणीको बिवरण | सिहन्ती देवी | १९३०४४/२७५ | २०६३।१२।२८, सर्लाही | गा.वि.स.संग्रमपुर-२, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | विल्टु राय | चन्देश्वर राय यादब |
| | जमानतकर्ताको बिवरण | मुकेश राय | १९-०१-७५-०९९१४ | २०७५।०९।३०, सर्लाही | गा.पा.पर्सा-२, सर्लाही | गा.पा.पर्सा-२, संग्रामपुर, सर्लाही | बुवाः रामपृत राय | |
| | ऋणीको बिवरण | रामवती देवी | १५२६८०५० | २०५९।०९।२८, सर्लाही | गा.वि.स.हरिपुर्वा-२, सर्लाही | हरिपुर्वा गा.पा.-१, हरिपुर्वा, सर्लाही | बुवाः विलट राय यादब | |
| | जमानतकर्ताको बिवरण | मनोज कुमार यादब | १५२६००३२ | २०६३।०४।१२, सर्लाही | गा.वि.स.हरिपुर्वा-२, सर्लाही | हरिपुर्वा गा.पा.-१, हरिपुर्वा, सर्लाही | राम औतार राय | रंजित राय |
| | ऋणीको बिवरण | दुखिया कुमारी देवी | १९३०५२/६३३ | २०६३।१२।२४, सर्लाही | गा.वि.स. गौरीशंकर-९, सर्लाही | ईश्वरपुर न.पा.-१३, महरानी बजार | विजन महतो | राम वृक्ष महतो |
| | जमानतकर्ताको बिवरण | विजन महतो | १९१०५२/२५ | २०६४।२।१०, सर्लाही | गा.वि.स. गौरीशंकर-९, सर्लाही | ईश्वरपुर न.पा.-१३, महरानी बजार | राम वृक्ष महतो | |
| रामगोपालपुर, महोत्तरी | ऋणीको बिवरण | राम सविता देवी यादब | १८३०३६/७९५ | २०६३।११।१८, महोत्तरी | गा.पा.रामगोपालपुर-६, महोत्तरी | न.पा.-८ रामगोपालपुर, महोत्तरी | राम पुकार यादब | शिव नारायण यादब |
| | जमानतकर्ताको बिवरण | राम पुकार यादब | ८००६२८५२ | २०५१।०४।१६, महोत्तरी | सहसौला-९, महोत्तरी | न.पा.-८ रामगोपालपुर, महोत्तरी | शिव नारायण यादब | |
| | ऋणीको बिवरण | पविता कुमारी चौधरी | ३८७४०४०५ | २०५८।०४।२४, सर्लाही | जब्दी-२, सर्लाही | भंगहा न.पा.-६, हातिसर्वा, महोत्तरी, मधेश प्रदेश | विनोद कुमार सिंह थारु | कमाक्षी प्रसाद सिंह थारु |
| | जमानतकर्ताको बिवरण | विनोद कुमार सिंह थारु | ३६९८२९९५ | २०५२।११।०९, महोत्तरी | हतिसर्वा-२, महोत्तरी | भंगहा न.पा.-६,हातिसर्वा, महोत्तरी, मधेश प्रदेश | कमाक्षी प्रसाद सिंह थारु | |
| | ऋणीको बिवरण | राम वावु पंडित | ८९९८३९५८ | २०५२।१०।४, महोत्तरी | गा.वि.स.सोनमा-६, महोत्तरी | सोनमा गा.पा.-१, महोत्तरी, मधेश प्रदेश | बुवाः श्री पंडित कुम्हार | |
| | जमानतकर्ताको बिवरण | इनर देवी पंडित | १८३०५०/८१९ | २०६३।१०।२७ ,महोत्तरी | गा.वि.स.सोनमा-६, महोत्तरी | सोनमा गा.पा.-१, महोत्तरी, मधेश प्रदेश | राम वावु पंडित | श्री पंडित कुम्हार |
| | ऋणीको बिवरण | विन्दू देवी | १८३०५५/४५८ | २०६३।११।१६, महोत्तरी | गा.वि.स.सहसौला-४, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | पपु कुमार चौधरी | खेहरु चौधरी |
| | जमानतकर्ताको बिवरण | पपु कुमार चौधरी | १८३०५५/७५१ | २०६३।११।१४, महोत्तरी | गा.वि.स.सोनामाई-६, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | खेहरु चौधरी | |
| | ऋणीको बिवरण | ललीता देवी | १८३०५५/१३०३ | २०६३।११।१९ ,महोत्तरी | गा.वि.स.सोनामाई-५, महोत्तरी | न.पा.औरही-७, महोत्तरी,मधेश प्रदेश | भोगिन्द्र मोची | गर्वा चमार |
| | जमानतकर्ताको बिवरण | भोगिन्द्र मोची | १८३०५५/१११० | २०६३।११।१८, महोत्तरी | गा.वि.स.सोनामाई-२, महोत्तरी | न.पा.औरही-७, महोत्तरी, मधेश प्रदेश | गर्वा चमार | |
| | ऋणीको बिवरण | गायत्री देवी झा | १८३०५५/२८३ | २०६३।११।१९, महोत्तरी | गा.वि.स.सोनामाई-२, महोत्तरी | न.पा.औरही-७, महोत्तरी, मधेश प्रदेश | गौरी शंकर झा | राजेन्द्र झा |
| | जमानतकर्ताको बिवरण | गौरी शंकर झा | १४२४२१०६ | २०४४।१२।०७, महोत्तरी | गा.वि.स.सोनामाई-२, महोत्तरी | न.पा.औरही-७, महोत्तरी, मधेश प्रदेश | राजेन्द्र झा | |
| | ऋणीको बिवरण | कान्ती देवी | १८३०५५/५३४ | २०६३।११।१२, महोत्तरी | गा.वि.स.सोनामाई-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | विजुली ठाकुर वरही | महन्थ ठाकुर वरही |
| | जमानतकर्ताको बिवरण | विजुली ठाकुर वरही | ६६४४१६३० | २०४४।१२।२१, महोत्तरी | गा.वि.स.निर्गौल-२, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | महन्थ ठाकुर वरही | |
| | ऋणीको बिवरण | काशी कुमारी ठाकुर | १८३०५८/२३२ | २०७०।०१।२८, महोत्तरी | गा.वि.स.सोनामाई-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | पलटन शर्मा | राम शरण शर्मा |
| | जमानतकर्ताको बिवरण | शपु कुमार शर्मा | १८-०१-७४-०३०४२ | २०७४।०४।०४, महोत्तरी | गा.पा.औरही-६, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | बुवाः पलटन शर्मा | |
| | ऋणीको बिवरण | सुर्यकला देवी | १८३००४/२४० | २०६३।१०।१४, महोत्तरी | गा.वि.स. हलखोरी-३, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | वेनीलाल महतो | सोनेलाल महतो |
| | जमानतकर्ताको बिवरण | वेनीलाल महतो | ३५४२४३२६ | २०५४।१२।२७, महोत्तरी | गा.वि.स. हलखोरी-३, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | सोनेलाल महतो | |
| | ऋणीको बिवरण | पवन देवी | १८३०५५/८५८ | २०६३।११।१६, महोत्तरी | न.पा.औरही-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | मनोहर मण्डल | खेलावन मण्डल |
| | जमानतकर्ताको बिवरण | खेलावन मण्डल | २०८६२१९३ | २०३६।१२।१२, महोत्तरी | न.पा.औरही-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | बुवाः हिताइ मण्डल | |
| | ऋणीको बिवरण | कविता कुमारी देवी | १८-२-०५८/२४३ | २०७५।१०।२३, महोत्तरी | न.पा.औरही-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | संजित कुमार मण्डल | खेलानन मण्डल |
| | जमानतकर्ताको बिवरण | विदिया कुमारी | १८२०५८/६२६ | २०७७।९।१४, महोत्तरी | न.पा.औरही-९, महोत्तरी | न.पा.औरही-९, महोत्तरी, मधेश प्रदेश | रामइश्वर मण्डल | |
| | ऋणीको बिवरण | सुनिता देवी | १८३०३६/११६ | २०६३।११।१८, महोत्तरी | न.पा.रामगोपालपुर-८, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | संजिव साह | राम चन्द्र साह कानु |
| | जमानतकर्ताको बिवरण | संजिव साह | ८००९३३१५ | २०५९।०८।२४, महोत्तरी | न.पा.रामगोपालपुर-८, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | राम चन्द्र साह कानु | |
| | ऋणीको बिवरण | तेतरी कुमारी | ८९९८४४६२ | २०६२।०४।०४, महोत्तरी | सोनमा गा.वि.स.-६, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | पवन साह | सौखीलाल साह कानु |
| | जमानतकर्ताको बिवरण | पवन साह | ८९९८३२२७ | २०४३।१०।२५, महोत्तरी | सोनमा गा.वि.स.-६, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | सौखीलाल साह कानु | |
| | ऋणीको बिवरण | लक्ष्मीनियाँ देवी मण्डल | १८-२-०३६/१४८ | २०७५।१०।२३, महोत्तरी | न.पा.रामगोपालपुर-८, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | जितेन्द्र कुमार मण्डल | राम कृपाल मण्डल |
| | ऋणीको बिवरण | सोशिला देवी | ८००९३७६७ | २०६२।८।२६, महोत्तरी | गा.वि.स. सहसौला-९, महोत्तरी | न.पा.-६, रामगोपालपुर, महोत्तरी | सिया शरण यादब | फौदार यादब |
| | जमानतकर्ताको बिवरण | सिया शरण यादब | ८०६७२५८० | २०४५।२।२७, महोत्तरी | गा.वि.स. सहसौला-९, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | फौदार यादब | |
| | ऋणीको बिवरण | चन्द्र कला देवी | १८३०३६/१०२३ | २०६३।११।१९, महोत्तरी | गा.वि.स. सहसौला-९, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | सिया राम मण्डल | राम नन्दन मण्डल |
| | जमानतकर्ताको बिवरण | सिया राम मण्डल | ८०६७२५७८ | २०४५।२।३०, महोत्तरी | गा.वि.स. सहसौला-९, महोत्तरी | न.पा.-८, रामगोपालपुर, महोत्तरी | राम नन्दन मण्डल | |

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रधानमन्त्री खुल्नु पर्छ

प्रतिनिधि सभाको अधिवेशन प्रारम्भ भएदेखि प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले सम्बोधन गरेका छैनन् ।उनले राष्ट्रपतिलाई सरकारको नीति तथा कार्यक्रमपनि भारी मनले हस्तांतरण गरेको तस्बीरमा देखियो ।नीति तथा कार्यक्रमको पुस्तिका राष्ट्रपति रामचन्द्र पौडेललाई उत्साहपूर्बक नभई बाध्यतावश हस्तांतरण गरिएको प्रधानमन्त्रीको 'बडी ल्यांगवेज'ले देखाइरहेको थियो ।हरेक प्रधानमन्त्रीले प्रतिनिधि सभामा सांसदहरुको जिज्ञासालाई सम्बोधन गर्ने चलन संसारभरि नै छ ।तर नेपालमा प्रधानमन्त्री बालेन 'रिजर्ब' बनेका छन् ।उनी संसदमा नबोल्दा विपक्षी दलहरुले बैठक अबरोध गर्न थालेका छन् ।सभामुखले प्रधानमन्त्रीलाई रुलिंग समेत गर्न सकिरहेका छैनन् ।बैठकमा विपक्षीहरुले गरेको मागको विषयमा दुई पटक सभामुखले भेंटेका छन् ।तर प्रधानमन्त्रीले उनको आग्रहलाई वेवास्ता गरेका छन् ।प्रतिनिधि सभामा प्रधानमन्त्रीको उपस्थिति हुनै पर्छ ।प्रधानमन्त्री बालेन गृह र रक्षा मन्त्रालयको कार्यभारपनि सम्हालेका छन् ।सांसदहरुले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह र रक्षा मन्त्रालय सम्बन्धी प्रश्नको जवाफ दिन मात्र प्रधानमन्त्री बालेन संसदमा जाने नभई प्रतिनिधि सभाको गरिमा र लोकतान्त्रिक मान्यतालाई समेत कायम राख्न जानुपर्छ ।प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री लामो समय अनुपस्थित रहन हुँदैन् ।बालेन प्रधानमन्त्री बनेदेखि हाल सम्म प्रतिनिधि सभाको बैठकलाई सम्बोधन गरेका छैनन् ।उनी वरिष्ठ नेता रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसदहरुले समेत असन्तुष्टि जनाउन थालेका छन् ।प्रतनिधि सभामा झण्डै दुई तिहाई संख्या रास्वपाका सांसदहरुकै छ ।उनीहरुलेपनि संसदमा उठाएका विषयहरुलाई प्रधानमन्त्रीबाट सम्बोधन हुने चाहना राखेका छन् ।तर प्रधानमन्त्रीले प्रतिनिधि सभालाइ हाल सम्म पूर्ण रुपमा वेवास्ता गरेका छन् ।प्रधानमन्त्रीको कारण प्रतिनिधि सभामा रास्वपाका सांसदहरुले अप्ठ्यारो महसुस गरिरहेका छन् ।प्रतिनिधि सभाको बैठकलाई मर्यादित रुपमा सञ्चालन गर्न प्रधानमन्त्रीको उपस्थिति आवश्यक छ ।प्रधानमन्त्री संसदमा उपस्थित हुँदा सांसदहरु अनुशासनमा बस्ने छन् ।संसदीय अभ्यासमा प्रधानमन्त्री प्रतिनिधि सभाप्रति पूर्ण उत्तरदायी हुन्छन् ।प्रधानमन्त्रीले बोल्नै हुँदैन् भने कहिँ छैन् ।विदेशीहरुसित बोल्ने तर प्रतिनिधि सभामा बोल्न नजानु लोकतान्त्रिक पद्धतिको सम्मान होइन् ।लोकतान्त्रिक व्यवस्थामा प्रतिनिधि सभाका सदस्यहरुले चाहेको बेला प्रधानमन्त्रीले सम्बोधन गर्नु पर्छ ।चुनाव जितेपछि प्रधानमन्त्री बालेन राष्ट्रको नाममा सम्बोधन समेत गरेका छैनन् ।भारी मतले किर्तिमानी जित दिलाउने मतदातालाई, प्रधानमन्त्रीमा सर्वसम्मतीबाट चयन गर्ने रास्वपाका सांसदहरुलाई समेत उनले प्रतिनिधि सभामार्फत धन्यवाद ज्ञापन गरेका छैनन् ।प्रधानमन्त्री बोल्नै हुँदैन् भने कुनै मान्यता छैन् ।भाषणदिदै हिड्नु भन्दा कामलाई उच्च प्राथमिकता दिने प्रधानमन्त्री बालेनले प्रतिनिधि सभालाई उपेक्ष ।गर्न हुँदैन् ।उनी खुल्नु पर्छ ।प्रतिनिधि सभाको बैठकमा उनले आफ्ना सारगर्भित भाषणले प्रतिनिधि सभाका सांसद र देशवासीलाई मुग्ध गर्नुपर्छ ।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा



● श्यामप्रसाद मैनाली

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन् । राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरुमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो । तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरु क्रमशः प्राप्त गर्दै गएको अवस्था हो ।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ । सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ । आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरुले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ । शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो । त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्ने नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो । सबै नागरिकहरुलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ । यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो । वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ । सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधिरुपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ । सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ । आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन् ।

**१. नाम : गोरे कामी**
बाबुको नाम : रत्ने कामी
बाजेको नाम : अकल बहादुर गजमेर
ठेगाना : वेताली - २, रामेछाप
ना.प्र.प.नं. : २५७३/२११०१०/७२१६
जि.प्र.का. सर्लाही
जारी मिति : २०४१/०१/०२

**२. नाम : वेली गजमेर (वि.क.)**
पतिको नाम : हिरालाल विश्वकर्मा
ससुराको नाम : खडक बहादुर विश्वकर्मा
ठेगाना : हरिवन ६, सर्लाही
ना.प्र.प.नं. : १९२०९८/२८०,
जि.प्र.का. सर्लाही
जारी मिति : २०६४/०२/२९

**ऋणीको विवरण**
**नाम : ड्रिम कयाफे**
दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौर
दर्ता नं. : ८७६८/१०६६/७०५/२०८, दर्ता मिति : २०७७/११/०३
ठेगाना : चन्द्रपुर - १, रौतहट, **प्रोप्राइटर : हरी बहादुर गजमेर**

**नाम : हरी बहादुर गजमेर**
बाबुको नाम : गोरे कामी/गजमेर, बाजेको नाम : रत्ने कामी
ठेगाना : लालबन्दी - २, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७५-०४८४७, जि.प्र.का. सर्लाही, जारी मिति : २०७५/११/१३
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ३६. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : सीताशरण राय**
बाबुको नाम : राम वृक्ष राय
बाजेको नाम : जुवा राय
ठेगाना : गैढा भेटपुर - २, महोत्तरी
हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : ३०६६२११९
जि.प्र.का. महोत्तरी
जारी मिति : २०४५/०२/०६

**२. नाम : सुशिला देवी राय**
पतिको नाम : सीताशरण राय
ससुराको नाम : राम वृक्ष राय
ठेगाना : गैढा भेटपुर - २, महोत्तरी
हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : ३०६९२५९५
जि.प्र.का. महोत्तरी
जारी मिति : २०५६/०१/२३

**३. नाम : ललिन्द्र यादव**
बाबुको नाम : सीताशरण राय
बाजेको नाम : राम वृक्ष राय
ठेगाना : गैढा भेटपुर - २, महोत्तरी
हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : १८-०१-७३-००२३०
जि.प्र.का. महोत्तरी
जारी मिति : २०७३/०१/०९

**४. नाम : शलिन्द्र यादव**
बाबुको नाम : सीताशरण राय
बाजेको नाम : राम वृक्ष राय
ठेगाना : गैढा भेटपुर - २, महोत्तरी
हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : १८-०१-७६-०५५२२
जि.प्र.का. महोत्तरी
जारी मिति : २०७६/०५/२४

**ऋणीको विवरण**
**नाम : रविन्द्र यादव**
बाबुको नाम : सीताशरण राय, बाजेको नाम : राम वृक्ष राय
ठेगाना : सम्सी - ४, महोत्तरी, हाल : हरीपूर्वा - ७, महोत्तरी
ना.प्र.प.नं. : १८३०४५/७८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७०/०२/२७
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ३७. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राजेश महतो**
बाबुको नाम : छठु महतो सुडी
बाजेको नाम : राम सुन्दर महतो
ठेगाना : चन्द्रनगर - ६, सर्लाही
ना.प्र.प.नं. : १९-०१-७८-११२४७
जि.प्र.का. सर्लाही
जारी मिति : २०७८/०८/२७

**२. नाम : छठु महतो सुडी**
बाबुको नाम : राम सुन्दर महतो
बाजेको नाम : माझी महतो
ठेगाना : चन्द्रनगर - ३, सर्लाही
हाल : चन्द्रनगर - ६, सर्लाही
ना.प्र.प.नं. : १६४७/१८६५१६४७
जि.प्र.का. सर्लाही
जारी मिति : २०३५/०७/०२

**ऋणीको विवरण**
**नाम : मुकेश कुमार महतो**
बाबुको नाम : छठु महतो सुडी, बाजेको नाम : राम सुन्दर महतो
ठेगाना : चन्द्रनगर - ३, सर्लाही, हाल : चन्द्रनगर - ६, सर्लाही
ना.प्र.प.नं. : १९-०१-७०-०७४०५, जि.प्र.का. सर्लाही, जारी मिति : २०७०/१२/२७
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ३८. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : शुभद्रा कुमारी**
पतिको नाम : नरेश चौधरी
ससुराको नाम : राम प्रकाश चौधरी
ठेगाना : भंगाहा - ७, महोत्तरी
हाल : चन्द्रनगर - ३, सर्लाही
ना.प्र.प.नं. : १८३०६१/६९४
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/१०/०९

**२. नाम : नरेश चौधरी**
बाबुको नाम : राम प्रकाश चौधरी
बाजेको नाम : सत्य देब चौधरी
ठेगाना : ववरगंज - ३, सर्लाही
हाल : चन्द्रनगर - ३, सर्लाही
ना.प्र.प.नं. : १९-०३५१४०८४
जि.प्र.का. सर्लाही
जारी मिति : २०५९/०७/२६

**ऋणीको विवरण**
**नाम : रिया किराना पसल**
दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही
दर्ता नं. : ५३७९/०७४/०७५, दर्ता मिति : २०७४/०८/०७
कार्यालय ठेगाना : चन्द्रनगर - ३, सर्लाही
**संचालक तथा शेयरधनी : शुभद्रा कुमारी, शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ३९. — व्यक्तिगत जमानत दिनेको विवरण**

१. वरफी पासवानको बुहारी, गौतम पासवानको पत्नी, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. १ स्थायी वतन भई हाल लालबन्दी न.पा. वडा नं. २, सर्लाही बस्ने ना.प्र.प.नं. १९३०९७/८७२ को जारी मिति २०६३/१२/२६ (जि.प्र.का. सर्लाही) रहेका **जानकी देवी पासवान**।

२. वरफी पासवानको नाती, गौतम पासवानको छोरा, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स. वडा नं. १ स्थायी वतन भई हाल लालबन्दी न.पा. वडा नं. २ बस्ने ना.प्र.प.नं. १९-०२-७०-०१५३३ को जारी मिति २०७०/०९/१४ (जि.प्र.का. सर्लाही) रहेका **सुवाश पासवान**।

**ऋणीको विवरण**
सुरत पासवानको नाति, वरफी पासवानको छोरा, नेत्रगंज - १, सर्लाही स्थायी वतन भई हाल लालबन्दी - २, सर्लाही बस्ने ना.प्र.प.नं. १९४६१/३९१४ को जारी मिति २०४६/३/१६ (जि.प्र.का. सर्लाही) रहेका **गौतम पासवान, शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४०. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राकेश चौधरी**
बाबुको नाम : भगवान लाल चौधरी
बाजेको नाम : रोगाई चौधरी
ठेगाना : जब्दी - २, सर्लाही
हाल : लालबन्दी - ३, सर्लाही
ना.प्र.प.नं. : ३८७५२८८३
जि.प्र.का. सर्लाही
जारी मिति : २०५०/०८/३०

**२. नाम : निरन्जन चौधरी**
बाबुको नाम : राकेश चौधरी
बाजेको नाम : भगवान लाल चौधरी
ठेगाना : लालबन्दी - ३, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७३-०२८४८
जि.प्र.का. सर्लाही
जारी मिति : २०७३/०६/१२

**ऋणीको विवरण**
**नाम : श्रधा कुमारी चौधरी**
पतिको नाम : राकेश चौधरी, ससुराको नाम : भगवान लाल चौधरी
ठेगाना : लालबन्दी - ३, सर्लाही
ना.प्र.प.नं. : ३८७४१११०९, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/०८/१९
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४१.**

**व्यक्तिगत जमानत दिनेको विवरण**
**नाम : किसुन दास तत्मा**
बाबुको नाम : गरभ दास
बाजेको नाम : मुनेश्वर दास
ठेगाना : लक्ष्मीपुर को. - १, सर्लाही
हाल : हरिपुर - ६, सर्लाही
ना.प्र.प.नं. : ५४३२१४०२
जि.प्र.का. सर्लाही
जारी मिति : २०५८/०५/१२

**ऋणीको विवरण**
**नाम : पार्वती देवी दास**
पतिको नाम : किसुन दास तत्मा
ससुराको नाम : गरभ दास
ठेगाना : लक्ष्मीपुर को. - १, सर्लाही
हाल : हरिपुर - ६, सर्लाही
ना.प्र.प.नं. : १९३०५८/५१५
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/११/१७
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४२. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : गोविन्द प्रसाद ठाकुर**
बाबुको नाम : राम पुकार ठाकुर
बाजेको नाम : दसई ठाकुर हजाम
ठेगाना : किसनपुर - ४, सर्लाही
ना.प्र.प.नं. : १९१०५४/४
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/११/०२

**२. नाम : रेखा देवी ठाकुर**
पतिको नाम : गोविन्द प्रसाद ठाकुर
ससुराको नाम : राम पुकार ठाकुर
ठेगाना : किसनपुर - ४, सर्लाही
ना.प्र.प.नं. : १९१०५४/३३८
जि.प्र.का. सर्लाही
जारी मिति : २०६८/०१/१४

**३. नाम : राम पुकार ठाकुर**
बाबुको नाम : दसई ठाकुर हजाम
बाजेको नाम : विसेश्वर ठाकुर
ठेगाना : किसनपुर- ३, सर्लाही
ना.प्र.प.नं. : ४९६२०९३५
जि.प्र.का. सर्लाही
जारी मिति : २०४४/११/०९

**४. नाम : मनछानिया देवी ठाकुर**
पतिको नाम : राम पुकार ठाकुर
ससुराको नाम : दसई ठाकुर हजाम
ठेगाना : किसनपुर - ४, सर्लाही
ना.प्र.प.नं. : १९३०५४/७२०
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१२/०८

**५. नाम : ममता कुमारी**
पतिको नाम : बिरेन्द्र प्रसाद ठाकुर
ससुराको नाम : राम पुकार ठाकुर
ठेगाना : किसनपुर - ४, सर्लाही
ना.प्र.प.नं. : १९१०२५/७९
जि.प्र.का. सर्लाही
जारी मिति : २०६६/०१/०६

**६. नाम : बिरेन्द्र प्रसाद ठाकुर**
बाबुको नाम : राम पुकार ठाकुर
बाजेको नाम : दसई ठाकुर हजाम
ठेगाना : किसनपुर - ४, सर्लाही
ना.प्र.प.नं. : ४९६२१५९२
जि.प्र.का. सर्लाही
जारी मिति : २०५८/०४/०२

**ऋणीको विवरण**
**नाम : अधिराज माछा पालन**
दर्ता कार्यालय : नेपाल सरकार, घरेलु तथा साना उद्योग कार्यालय, मंलगवा, सर्लाही
दर्ता नं. : ८१८४/०७६/०७७, दर्ता मिति : २०७६/०८/१०
कार्यालय ठेगाना : चन्द्रनगर - १, सर्लाही
**संचालक तथा शेयरधनी : मनछानिया देवी ठाकुर, शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४३.**

**व्यक्तिगत जमानत दिनेको विवरण**
**नाम : सुकला कुमार दनुवार**
बाबुको नाम : दिलभर कुमार दनुवार
बाजेको नाम : परम्वा दनुवार
ठेगाना : हरीवन - ९, सर्लाही
हाल : हरीवन - ३, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७६-००६६०
जि.प्र.का. सर्लाही
जारी मिति : २०७६/०१/१५

**ऋणीको विवरण**
**नाम : पार्वती कुमारी चौधरी दनुवार**
पतिको नाम : सुकला कुमार दनुवार
ससुराको नाम : दिलभर कुमार दनुवार
ठेगाना : हरीवन - ९, सर्लाही
हाल : हरीवन - ३, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७६-०११८४
जि.प्र.का. सर्लाही
जारी मिति : २०७६/०१/२९
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४४.**

**व्यक्तिगत जमानत दिनेको विवरण**
**नाम : नगीन्दर चौधरी**
बाबुको नाम : राम चलितर चौधरी
बाजेको नाम : पसन चौधरी
ठेगाना : जब्दी - ७, सर्लाही
हाल : लालबन्दी - ४, सर्लाही
ना.प्र.प.नं. : १९३०९४/७४३
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/१२/२७

**ऋणीको विवरण**
**नाम : गंगा चौधरी**
पतिको नाम : नगीन्दर चौधरी
ससुराको नाम : राम चलितर चौधरी
ठेगाना : जब्दी - ७, सर्लाही
हाल : लालबन्दी - ४, सर्लाही
ना.प्र.प.नं. : १९३०९४/१०९५
जि.प्र.का. सर्लाही,
जारी मिति : २०६३/१२/३०
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४५.**

**व्यक्तिगत जमानत दिनेको विवरण**
**नाम : विरेन्द्र दास तत्मा**
बाबुको नाम : चुल्हाई दास तत्मा
बाजेको नाम : नेवाशी दास
ठेगाना : लक्ष्मीपुर को - १, सर्लाही
हाल : हरीपुर - ६, सर्लाही
ना.प्र.प.नं. : ५४३२१९६२
जि.प्र.का. सर्लाही
जारी मिति : २०५८/०८/२६

**ऋणीको विवरण**
**नाम : किरण देवी तत्मा**
पतिको नाम : विरेन्द्र दास तत्मा
ससुराको नाम : चुल्हाई दास तत्मा
ठेगाना : लक्ष्मीपुर को - १, सर्लाही
हाल : हरीपुर - ६, सर्लाही
ना.प्र.प.नं. : १९३०५८/१०३०
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/११/१६
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४६. — व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : पुनम गिरी**
पतिको नाम : दान लाल गिरी, ससुराको नाम : चन्द्र लाल गिरी
ठेगाना : बर्दिबास - १, महोत्तरी
ना.प्र.प.नं. : १७३०९२/१००१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/१५

**ऋणीको विवरण**
**नाम : श्री गिरी बहुउद्देशीय कृषि फार्म प्रा.लि.**
दर्ता गर्ने निकाय : कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं
दर्ता नं. : २९३४६८/७८/०७९, दर्ता मिति : २०७९/०३/२३
ठेगाना : हात्तिलेट बर्दिबास - ८, महोत्तरी, **संचालक तथा शेयरधनी : दान लाल गिरी**

**नाम : दान लाल गिरी**
बाबुको नाम : चन्द्र लाल गिरी, बाजेको नाम : रन्जीत गिरी
ठेगाना : हात्तिलेट - २, महोत्तरी
ना.प्र.प.नं. : ०४९७२७२८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५९/०२/१३
**शाखा कार्यालय : लालबन्दी**

**क्र.सं. ४७. — व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राजेश्वर दास तत्मा**
बाबुको नाम : जीया दास तत्मा
बाजेको नाम : बिरा दास
ठेगाना : रघुनाथपुर - ८, रौतहट
हाल : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : १३५, जि.प्र.का. रौतहट
जारी मिति : २०६१/०४/१५

**२. नाम : सुमिन्त्रा देवी**
पतिको नाम : राजेश्वर दास तत्मा
ससुराको नामः जीया दास तत्मा
ठेगाना : रघुनाथपुर - ८, रौतहट
हाल : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२३०८३/५१४, जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१०/०९

**ऋणीको विवरण**
**नाम : अर्जुन ट्रेडर्स**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहट
दर्ता नं. : १०४३७/११३७, दर्ता मिति : २०७७/१०/०४
रजिष्टर्ड कार्यालय : रघुनाथपुर - ४ (गरुडा - ९), रौतहट
**प्रोप्राइटर : सुमिन्त्रा देवी, शाखा कार्यालय : चन्द्रनिगाहपुर**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# नेपाल राष्ट्र बैङ्क ऐन संशोधन विधेयक संसद्मा दर्ता

काठमाण्डु। नेपाल राष्ट्र बैङ्कलाई थप स्वायत्त, उत्तरदायी र प्रविधिमैत्री बनाउने उद्देश्यसहित सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा दर्ता गरेको छ। अर्थ मन्त्रालयले सोमबार प्रतिनिधिसभामा दर्ता गरेको उक्त विधेयकमा केन्द्रीय बैङ्कको भूमिका, संरचना, नियामकीय अधिकार, डिजिटल वित्तीय प्रणाली तथा वित्तीय स्थायित्वसँग सम्बन्धित विषयमा व्यापक संशोधन प्रस्ताव गरिएको छ।

सरकारले राष्ट्रिय एवम् अन्तरराष्ट्रिय आर्थिक तथा वित्तीय क्षेत्रमा आएको परिवर्तन, वित्तीय



प्रणालीको विस्तार, डिजिटल प्रविधिको तीव्र प्रयोग तथा केन्द्रीय बैङ्कको बदलिँदो भूमिकालाई दृष्टिगत गर्दै विद्यमान ऐन संशोधन प्रक्रिया अघि बढाएको हो। विद्यमान ऐनका अस्पष्ट तथा व्यवहारमा कठिनाइ उत्पन्न गर्ने प्रावधानलाई स्पष्ट गर्दै अझ प्रभावकारी रूपमा सञ्चालन गर्न कानुनी सुधारका लागि यो विधेयक तयार पारिएको अर्थ मन्त्रालयले जनाएको छ।

प्रस्तावित विधेयकमा विशेषगरी गभर्नर तथा सञ्चालक नियुक्ति र पदमुक्तिसम्बन्धी व्यवस्था पुनःसंरचना गर्ने, वित्तीय स्थायित्व कायम गर्ने संयन्त्रलाई थप बलियो बनाउने, डिजिटल करेन्सीलाई कानुनी मान्यता दिने तथा केन्द्रीय बैङ्कको नियामकीय र सुपरीवेक्षकीय अधिकारलाई स्पष्ट पार्ने व्यवस्था समेटिएका छन्।

विधेयकले पहिलोपटक 'डिजिटल करेन्सी'लाई कानुनी परिभाषाभित्र समावेश गरेको छ। हालसम्म 'करेन्सी नोट'मा केन्द्रित रहेको व्यवस्थालाई परिमार्जन गर्दै अब करेन्सी शब्दभित्र बैङ्कबाट जारी गरिने डिजिटल करेन्सीसमेत समेटिने प्रस्ताव गरिएको छ। यससँगै नेपाल राष्ट्र बैङ्कले जारी गर्ने डिजिटल मुद्रा बैङ्क नोटसरह कानुनी मान्यता प्राप्त गर्ने बाटो खुल्ने भएको छ।

त्यस्तै, वित्तीय संस्थाको परिभाषा पनि विस्तार गरिएको छ। रासस

## निजी क्षेत्रसँग सम्बन्धित बजेट कार्यान्वयनमा सुधार

काठमाण्डु। सरकारको वार्षिक बजेट कार्यान्वयन प्रभावकारी देखिएको छ। नेपाल उद्योग परिसङ्घ (सिएनआई)ले नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँगको सहकार्यमा सुरु गरेको 'बजेट वाच'को तेस्रो त्रैमासको समीक्षामा बजेट कार्यान्वयनमा सुधार भएको देखिएको हो।

सिएनआईका अनुसार चालु आवको बजेटमा समावेश निजी क्षेत्रसँग सम्बन्धित ७४ वटा बुँदामध्ये पूर्ण कार्यान्वयन बढेको पाइएको हो। गत आवको तेस्रो त्रैमाससम्म बजेट वाचमा समेटिएको बुँदामध्ये १७ प्रतिशत पूर्ण कार्यान्वयन भएकामा चालु आवको सोही अवधिमा २७ प्रतिशत कार्यक्रम पूर्ण कार्यान्वयन भइसकेका छन्।

साथै गत आवको तेस्रो त्रैमाससम्म ५६ प्रतिशत कार्यक्रम आंशिक कार्यान्वयन भएकामा यस वर्षको सोही आंशिक कार्यान्वयन हुने दर ५९ प्रतिशत पुगेको छ। गत आवको उक्त अवधिसम्म २७ प्रतिशत बुँदामा शून्य कार्यान्वयन भएकामा यस वर्षको सोही अवधिमा शून्य कार्यान्वयन घटेर १५ प्रतिशतमा सीमित भएको छ।

नेपाल उद्योग परिसङ्घ (सिएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डेले चालु आवमा राजनीतिक उतारचढाव र सरकार परिवर्तनका बीच पनि बजेट कार्यान्वयनमा सुधार देखिएको बताउनुभयो। उहाँले सरकारको वार्षिक बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले सेजनसँगको सहकार्यमा सिएनआईले विगतका वर्षदेखि नै त्रैमासिक रूपमा 'बजेट वाच'को त्रैमासिक समीक्षा गर्दै आएको बताउनुभयो।

**पर्यटन उद्योगलाई सहुलियत आवश्यक**

सोही अवसरमा पर्यटन क्षेत्र विषयक समूहगत छलफलमा सरोकारवालाहरूले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत सहजीकरण र कार्यान्वयन जरुरी भएकामा जोड दिनुभयो।

नेपाल पर्यटन बोर्डका निवर्तमान प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बोर्डले निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धन गरिरहेको उल्लेख गर्दै विदेशी पर्यटक बढाउनका लागि यस क्षेत्रमा सहुलियत आवश्यक भएको बताउनुभयो। "हामीकहाँ विभिन्न कारणले अपेक्षाकृत रूपमा विदेशी पर्यटन आउन नसकेको अवस्था छ, अहिले होटलमा औसतमा ४० प्रतिशत पनि अकुपेन्सी छैन, यस्तोमा सरकारले विद्युत् महसुल लगतमा सहुलियत नदिए टिक्न पनि गाह्रो हुन्छ", उहाँले भन्नुभयो।

होटल सङ्घ नेपालका प्रमुख कार्यकारी अधिकृत (सिइओ) टेकबहादुर महतले सरकारले होटल क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रूपमा मान्यता दिए पनि सो कार्यान्वयनमा भने नभएको बताउनुभयो। "होटलले उद्योगको मान्यता पायो, चालु आवको बजेटमा विद्युत् र आयकरमा छुट दिने पनि भनियो तर हालसम्म पनि कार्यान्वयन नभएको अवस्था छ", उहाँले भन्नुभयो।

नेपाल वायुसेवा सञ्चालक सङ्घका उपाध्यक्ष सुभास सापकोटाले नेपालको आन्तरिक हवाई 'कनेक्टिभिटी' राम्रो भएको बताउनुभयो। यद्यपि सरकारलाई बुझाउनुपर्ने अत्यधिक शुल्कका कारण टिकट शुल्क महँगो हुँदै गएको बताउनुभयो। उहाँका अनुसार हाल वायुसेवा कम्पनीले रु १०० आम्दानी गर्दा करिब रु ४२ विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपरेको छ।

"हवाई क्षेत्र प्रतिस्पर्धी छ, तर सरकारको विद्यामान नीतिका कारण पहाडी क्षेत्रमा हवाई उडानमा समस्या हँदै गएको छ।रासस

# घट्यो सुन-चाँदीको भाउ, कतिमा हुँदैछ किनबेच?

काठमाण्डु। नेपाली बजारमा मंगलबार सुन-चाँदीको भाउ घटेको छ।

सोमबार तोलामा एक हजार नौ सय रूपैयाँ बढेको सुनको भाउ यसदिन प्रतितोला एक हजार तीन सय रूपैयाँ घटेको हो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबार सुन प्रतितोला दुई लाख ९१ हजार पाँच सय रूपैयाँमा किनबेच भइरहेको छ।

सोमबार सुन प्रतितोला दुई लाख ९२ हजार आठ सय रूपैयाँमा कारोबार भएको थियो। यस्तै, मंगलबार चाँदीको मूल्य पनि घटेको छ।

सोमबार प्रतितोला पाँच हजार एक सय ५० रूपैयाँमा कारोबार भएको चाँदी यसदिन तोलामा पाँच हजार ६० रूपैयाँमा किनबेच भइरहेको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला ९० रूपैयाँ बढेको हो।

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| शेख फरजानको नाति, ऐनुलको छोरा, रौतहट जिल्ला, गम्हरिया पर्सा गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **अजिमुल्लाह** (ना.प्र.नं. २८६६, जारी मिति २०६१/१०/१९, जि.प्र.का. रौतहट)। | ऐनुलको बुहारी, अजिमुल्लाहको पत्नी, रौतहट जिल्ला, गम्हरिया गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **जफरुन खातुन** (ना.प्र.नं. ०३२३०७७/३९२, जारी मिति २०६३/१२/२४, जि.प्र.का. रौतहट)। |
| **धितोको विवरण** | |
| अजिमुल्लाह (ना.प्र.नं. २८६६, जारी मिति २०६१/१०/१९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक गम्हरिया गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ ख स्थित कि.नं. २५ को क्षेत्रफल ०-०-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८३/०२/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : सुहानी निमार्ण सेवा प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १५५६०५/०७३/०७४, दर्ता मिति : २०७३/०५/२६<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>**संचालक/शेयरधनीहरु : दीपेन्द्र कुमार यादव, राज किशोर राय यादव** |
| | **नाम : दीपेन्द्र कुमार यादव**<br>बाबुको नाम : श्री प्रसाद यादव, बाजेको नाम : छेवी लाल यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : ३९६९४५३१, जि.प्र.का. धनुषा, जारी मिति : २०६२/०४/२१ |
| | **नाम : रमीता कुमारी यादव**<br>पतिको नाम : दीपेन्द्र कुमार यादव, ससुराको नाम : श्री प्रसाद यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७५-०५९००, जि.प्र.का. धनुषा, जारी मिति : २०७५/०४/१५<br>**शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दीपेन्द्र कुमार यादव**<br>बाबुको नाम : श्री प्रसाद यादव<br>बाजेको नाम : छेवी लाल यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : ३९६९४५३१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/०४/२१ | **२. नाम : श्री प्रसाद यादव**<br>बाबुको नाम : छेवी लाल यादव<br>बाजेको नाम : हरेराम यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : ८९६३०६१८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५७/१२/०५ |
| **३. नाम : श्रीमती प्रतिमा देवी**<br>पतिको नाम : श्री प्रसाद यादव<br>ससुराको नाम : छेवी लाल यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : ८२७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४६/०२/२७ | **४. नाम : रमीता कुमारी यादव**<br>पतिको नाम : दीपेन्द्र कुमार यादव<br>ससुराको नाम : श्री प्रसाद यादव<br>ठेगाना : जनकपुर - १४, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७५-०५९००<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७५/०४/१५ |
| **५. नाम : राज किशोर राय यादव**<br>बाबुको नाम : राम पुनित राय यादव<br>बाजेको नाम : ज्ञानचन राय यादव<br>ठेगाना : सम्सी - ९, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९३२२९६<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४३/११/०८ | **६. नाम : राम कासी देवी**<br>पतिको नाम : राज किशोर राय यादव<br>ससुराको नाम : राम पुनित राय यादव<br>ठेगाना : सम्सी - ९, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९३२५५६<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४१/०१/२४ |

**धितोको विवरण**

१. श्री प्रसाद यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कि.नं. २३३, २१७, २१९, ५१२ र ६४ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-२-०, ०-०-५-०, ०-०-१५-१ र ०-०-१२-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. श्रीमती प्रतिमा देवीको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कि.नं. ३३३, को क्षेत्रफल ०-०-११-२ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. रमीता कुमारी यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको गोविन्दपुर - ६ क, धनुषा, हाल धनुषाधाम - २, धनुषा स्थित कि.नं. १९ को क्षेत्रफल ०-१३-१-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. राज किशोर राय यादवको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको सम्सी - ७ ख, महोत्तरी स्थित कि.नं. २३२ को क्षेत्रफल ०-३-३-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
५. श्री प्रसाद यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको शान्तीपुर - ९, धनुषा स्थित कित्ता नं. ८०७ को क्षेत्रफल ०-२-०-० (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
६. लुम्विनी विकास बैंक धनी भइ सुहानी निमार्ण सेवा प्रा.लि. ऋणीको नाममा यातायात ब्यवस्था कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको सवारी नं. प्रदेश २-०२-००१ क-०३६१ रहेको JCB Backhoe Loader।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : अनारकली थारु**<br>पतिको नाम : विश्वनाथ महतो, ससुराको नाम : राम शरण महतो<br>ठेगाना : कोपवा - ४, कपिलबस्तु, हाल : लालबन्दी - १७, सर्लाही<br>ना.प्र.प.नं. : ३८-०१-०६८-१८३१५, जि.प्र.का. कपिलबस्तु<br>जारी मिति : २०६८/०९/२६, **शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : विश्वनाथ महतो**<br>बाबुको नाम : राम शरण महतो<br>बाजेको नाम : फकिरचन महतो<br>ठेगाना : रानीगंज - ५, सर्लाही<br>हाल : लालबन्दी - १७, सर्लाही<br>ना.प्र.प.नं. : १९३०९६/१५७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१०/१८ | **२. नाम : राम शरण महतो**<br>बाबुको नाम : फकिरचन महतो<br>बाजेको नाम : कारी महतो<br>ठेगाना : लक्ष्मिनिया - ४, सर्लाही<br>हाल : लालबन्दी - १७, सर्लाही<br>ना.प्र.प.नं. : १३७ ०४९७२४५९<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४९/०३/०१ |
| **३. नाम : कान्ती देवी**<br>पतिको नाम : राम शरण महतो, ससुराको नाम : फकिरचन महतो<br>ठेगाना : रानीगंज - ५, सर्लाही, हाल : लालबन्दी - १७, सर्लाही<br>ना.प्र.प.नं. : ३१९८, जि.प्र.का. सर्लाही, जारी मिति : २०५८/०३/२४ | |

**धितोको विवरण**

विश्वनाथ महतोको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको जब्दि - ९ क, सर्लाही स्थित कित्ता नं. ८४५ को क्षेत्रफल ०-०-९-८ तथा जब्दि - ९ ग, सर्लाही स्थित कित्ता नं. ८२४ क्षेत्रफल ०-०-०-१२-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३. | **नाम : दिलीप कुमार यादव**<br>बाबुको नाम : चन्द्री राउत भन्ने राम चन्द्र यादव<br>बाजेको नाम : सौखी राउत यादव<br>ठेगाना : विसरभोरा - ७, धनुषा<br>हाल : कमला - २, धनुषा<br>ना.प्र.प.नं. : १६२४२२९६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५१/१२/१६<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : फेको देवी यादव**<br>पतिको नाम : दिलीप कुमार यादव<br>ससुराको नाम : चन्द्री राउत भन्ने राम चन्द्र यादव<br>ठेगाना : विसरभोरा - ७, धनुषा<br>हाल : कमला - २, धनुषा<br>ना.प्र.प.नं. : १७३०१२/४७६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/१८ |

**धितोको विवरण**

१. दिलीप कुमार यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको माची झिटकैया - ३ क, धनुषा स्थित कित्ता नं. १८१७ को क्षेत्रफल क्षेत्रफल ०-०-८-० (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. धनि लुम्बिनी बिकास बैंक लिमिटेड भई ऋणी दिलीप कुमार यादवको नाममा यातायात व्यवस्था कार्यालय जनकपुरमा दर्ता कायम रहको सवारी दर्ता नं. प्र २-०२-००१ ह ०५५१ भएको Vinayak MAK RE को सवारी साधन थान १।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ४. | **नाम : रुपेश यादव**<br>बाबुको नाम : गोपाल यादव प्रसैला, बाजेको नाम : जुलमा प्रसैला यादव<br>ठेगाना : भरतपुर - ९, धनुषा, हाल : गणेशमान चारनाथ - ४, धनुषा<br>ना.प्र.प.नं. : १७१०४४/१३५८, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०५/१३<br>**शाखा कार्यालय : जनकपुर** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : गोपाल यादव प्रसैला**<br>बाबुको नाम : जुलमा प्रसैला यादव<br>बाजेको नाम : किसुन प्रसैला यादव<br>ठेगाना : भरतपुर - ९, धनुषा<br>हाल : गणेशमान चारनाथ - ४, धनुषा<br>ना.प्र.प.नं. : ३४५०५३४०<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/१८ | **२. नाम : सिता देवी यादव**<br>पतिको नाम : गोपाल यादव प्रसैला<br>ससुराको नाम : जुलमा प्रसैला यादव<br>ठेगाना : गोठ कोयलपुर - ४, धनुषा<br>हाल : गणेशमान चारनाथ - ४, धनुषा<br>ना.प्र.प.नं. : ३७१/३५५०५३७१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/१९ |

**धितोको विवरण**

रुपेश यादवको नाममा मालपोत कार्यालय धनुषा जनकपुरमा दर्ता रहेको भरतपुर - ४ घ, धनुषा स्थित कित्ता नं. ७०१ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ५. | **नाम : रिना कुमारी**<br>पतिको नाम : राजकुमार महतो, ससुराको नाम : राम नारायण महतो<br>ठेगाना : नेत्रगंज - २, सर्लाही, हाल : लालबन्दि - १, सर्लाही<br>ना.प्र.प.नं. : १९३०९७/६६, जि.प्र.का. सर्लाही, जारी मिति : २०६३/१२/११<br>**शाखा कार्यालय : लालबन्दी** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राजकुमार महतो**<br>बाबुको नाम : राम नारायण महतो<br>बाजेको नाम : राजी महतो<br>ठेगाना : नेत्रगंज - २, सर्लाही<br>हाल : लालबन्दि - १, सर्लाही<br>ना.प्र.प.नं. : ६६४९१०६०<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५२/०३/०६ | **२. नाम : सरोज कुमार सिंह**<br>बाबुको नाम : राजकुमार महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : नेत्रगंज - ९, सर्लाही<br>हाल : लालबन्दि - १, सर्लाही<br>ना.प्र.प.नं. : १९-०२-७२-०३४९२<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७२/१०/०४ |

**धितोको विवरण**

रिना कुमारीको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको हरीपुर - ९ घ, सर्लाही स्थित कित्ता नं. २०६३ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८३ आषाढ ०२ गते मंगलबार कार्यालय समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८३ आषाढ ०३ गते बुधबार ३:०० बजे।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

## श्री क्षिरेश्वर जनता माध्यमिक विद्यालय

**क्षिरेश्वरनाथ-५, महेन्द्रनगर (धनुषा)**

## टेण्डर आव्हान १५ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/२/१३**

आ.व. २०८३/०८४ साल मिति २०८३ साउन १ गते देखि २०८४ साल अषाढ मसान्त सम्म अर्थात १ एक वर्षको लागी यस विद्यालयको अधिनस्तामा रहेको जि. धनुषा क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगर स्थित सखुवा बजार अन्तर्गत मवेशी बजार र गुदरी बजार वधशाला समेत बट्टी उठाउनका लागी ठेक्का लगाउनु पर्ने भएकोले निम्न सर्तको अधिनमा रही १५ (पन्ध्र) दिने टेण्डर सुचना आव्हान गरिएको छ।

१. मवेशी बजारको टेण्डर फारम दस्तुर रु. ३००० तिन हजार र गुदरी बजारको टेण्डर फारम रु. २००० (दुई हजार) फिर्ता नहुने गरी यस विद्यालयबाट टेण्डर खरिद गर्नुपर्ने छ। बिहान ७:३० बजे देखि ११:०० बजे सम्म खरिद गर्न सकिनेछ। टेण्डर फारम खरिद गर्ने अन्तिम मिति २०८३/०२ /२७ गते बिहान ७:३० बजे देखि ११ बजेसम्म रहनेछ। खरिद गरिएको टेण्डर मिति २०८३ साल जेष्ठ २८ गते दिउसो १२ बजे सम्म खसाल्नु पर्नेछ। र सोही दिनको दिउसो २ बजे विद्यालयमा दर्ता भएको टेण्डर सबैको रोहबरमा खोलिने छ। टेण्डर दुवै बजार को अलग अलग हुनेछ।
२. विद्यालयले निर्धारण गरेको न्युनतम रकम मवेशो बजारको रु. २,२१,००,५०१/- दुई करोड़ एक्काइस लाख पाँच सय एक मात्र कायम गरिएको छ।
३. विद्यालयले निर्धारण गरेको न्युनतम रकम गुदरी बजारको रु. २७,५२,६०५/- सताइस लाख बावन्न हजार छ सय पाँच मात्र कायम गरिएको छ।
४. टेण्डर भर्ने ठेक्केदार नेपाली नागरिक भएमा आफुले कबोल गरेको सम्पूर्ण रकम को ५% (प्रतिशत) र गैर नेपाली नागरिक भएमा १०% (प्रतिशत) धरौटी अनिवार्य रुपमा राखनुपर्ने छ। अन्यथा तोकिएको धरौटी रकम नराखी भरेको टेण्डरलाई मान्यता दिने छैन। धरौटी रकम यस विद्यालयको नाममा रहेको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेड चल्ती खाता न. ०२०१५०८०१७३ मा जम्मा गरेको सकल बैंक भौचरको मात्र मान्यता हुनेछ। धरौटीमा नगद मान्यता हुने छैन।
५. सखुवा मवेशी बजार, गुदरी बजारको लागी टेण्डरमा सबै भन्दा बढी अंक भएको ठेक्केदारले कबोल गरेको (धरौटी रकम ५% कट्टा नगरी) पहिलो किस्ता २५% रकम महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लि. को चल्ती हिसाब न. ०२०१५०८०१७३ मा जम्मा गरेको बैंक भौचर बुझाउनु पर्ने छ। र बाकी रहेको ठेक्का रकमको ७०% हुने रकम को बैंक ग्यारेन्टी कागज बुझाउनु पर्ने छ। सो बैंक ग्यारेन्टी कागज बुझाउने समय अबधि मिति २०८३/४/३० गते सम्म हुनेछ। त्यस बाट पहिलो ३ महिनामा ठेक्का रकम को २५% रकम बुझाउनुपर्ने छ वा बैंक ग्यारेन्टीबाट कट्टा गरिनेछ अर्को दोस्रो ३ महिना (६ महिना) मा ठेक्का रकम को २५% रकम बुझाउनुपर्ने छ वा बैंक ग्यारेन्टीबाट कट्टा गरिनेछ र बाकि ठेक्का रकमको सम्पूर्ण रकम वा २०% रहेको बाकी अन्तीम किस्ता तेस्रो ३ महिना वा (९ महिना) मिती २०८३-१२-३० गतेसम्म बुझाउनुपर्ने छ वा बैंक ग्यारेन्टी बाट कट्टा गरिनेछ। एकमुष्ठ पुरै रकम बुझाएको खण्डमा ५% (पांच प्रतिशत) छुट पाइनेछ भने बैंक ग्यारेन्टीको सुबिधा प्रयोग गर्ने ठेकेदारले उक्त छुट सुबिधा पाउने छैन।
६. टेण्डरमा सबै भन्दा बढी अंक भएको ठेक्केदारले जानकारी पाएको मितिले १५ दिन भित्र यस विद्यालयको नाममा रहेको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेडको चल्ती हिसाब न. ०२०१५०८०१७३ मा जम्मा गरेको सकल बैंक भौचर बुझाउनु पर्ने छ।
७. टेण्डर प्रथम अंक सकार गर्ने ठेक्केदारले तोकिएको समय भित्र निर्धारित रकम नबुझाएमा धरौटी रकम जफत गरी दोस्रो अंक सकार गर्ने ठेक्केदारलाई प्रक्रियामा आउन जानकारी गराइनेछ। जानकारी पाएको मितिले दोस्रो अंक सकार गर्ने ठेक्केदार ले ३ (तिन) दिन भित्र कबोल गरेको निर्धारित रकम विद्यालयको खातामा जम्मा गरेको सकल बैंक भौचर बुझाइ सक्नुपर्ने छ। यसै गरी दोस्रो अंक सकार गर्ने ठेक्केदारले तोकिएको समयमा रकम बुझाउन नसकेको अवस्थामा निजको धरौटी रकम जफत गरी तेस्रो अंक सकार गर्ने ठेक्केदारलाई प्रक्रियामा आउँन जानकारी गराइनेछ। जानकारी पाएको मिति देखि उक्त ठेक्केदारले २ दुई दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुँदा न. ५ अनुसारको सर्त पुरा गरी विधालयको खातामा जम्मा गरेको सकल बैंक भौचर पेश गर्नुपर्नेछ।
८. टेण्डर स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विद्यालयलाई हुनेछ।
९. टेण्डर स्वीकृत भएको नभएको जानकारी विद्यालयबाट प्राप्त गर्नसकिनेछ।
१०. टेण्डर स्वीकृत भई रकम बुझाईसकेपछी मात्र दुवै पक्षको सम्झौता भएपछी चलन पुर्जी दिइनेछ।
११. बजारमा कुनै किसिमको चन्दा, कर, बन्द वा हड्ताल भएमा क्षतिपूर्ति ठेक्केदारले स्वयम बेहोर्नु पर्नेछ। उक्त क्षतिपूर्ति अथवा मिनाहा विधालयले दिनेछैन। आवश्यकता अनुसार विधालयले प्रशासनिक सहयोग गर्ने छ।
१२. बजारको ठेक्केदारले बट्टी उठाउँदा विधालयले निर्धारण गरेको दर रेट शुल्क भन्दा बढी रकम उठाउन पाउने छैन। ठेक्केदारले बट्टी बढी उठाएको पाइएमा विधालयले जुनसुकै बेला आवश्यक कारबाही गर्न सक्नेछ।
१३. बजारमा बट्टी उठाउनको लागि विधालयले निर्धारण गरेको दर रेट विधालयबाट प्राप्त गर्न सकिनेछ।
१४. मवेशी तथा गुदरी बजार भित्र चौपाया मरेमा तथा फोहर मैला व्यवस्थापन स्वयम ठेक्केदारले गर्नुपर्दछ।
१५. चौपाया ट्रक, पिकअप निकासी हुँदा मवेशी बजारका ठेक्केदारले निकासी शुल्क लिन सक्नेछ।
१६ गुदरी बजारमा रहेको १० (दस) कोठे गोदामघर भाडा यस टेण्डरमा सामावेश गरिनेछैन।

प्रधानाध्यापक

# कन्या माविलाई महिला विद्यालय बनाउने तयारी



**टुडे समाचारदाता**

जनकपुरधाम । महिला सशक्तिकरण तथा छात्रामैत्री शैक्षिक वातावरण निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिकाले उपमहानगरपालिका वडा नं. ११ स्थित सकल भवन कन्या माध्यमिक विद्यालयलाई पूर्ण रूपमा महिला विद्यालयका रूपमा सञ्चालन गर्ने तयारी अघि बढाएको छ।

जनकपुरधाम उपमहानगरका मेयर मनोज कुमार साहको यो निर्णयले कन्या माबिको पुरानोइतिहासफिर्ताभएकोबताइएको छ । उपमहानगरपालिकाको शिक्षा समितिबाट पारित निर्णयअनुसार विद्यालयमा महिला शिक्षक तथा महिला कर्मचारीको व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

यसअघि विद्यालयमा छात्रीहरूको मात्र भर्ना हुने व्यवस्था भएपनि शिक्षक तथा कर्मचारीतर्फ पुरुषको संख्या उल्लेख्य रहेकाले विद्यालयलाई पूर्ण रूपमा छात्रीमैत्री वातावरणमा सञ्चालन गर्न चुनौती देखिएको थियो।

उपमहानगरपालिकाले हालै सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान प्रक्रिया अघि बढाएको थियो। सोही क्रममा अन्य विद्यालयमा कार्यरत महिला शिक्षकहरूलाई सकल भवन कन्या माध्यमिक विद्यालयमा पदस्थापन गरिएको छ भने यहाँ कार्यरत पुरुष शिक्षक तथा कर्मचारीलाई अन्य विद्यालयमा सरुवा गरिएको स्रोतले जनाएको छ।

उपमहानगरपालिकाका अनुसार विद्यालयलाई नाममात्रको कन्या विद्यालय नभई व्यवहारिक रूपमा पनि पूर्ण महिला विद्यालयका रूपमा विकास गर्ने उद्देश्यले प्रक्रिया अघि बढाइएको हो । छात्राहरूलाई सुरक्षित, सहज तथा आत्मविश्वासपूर्ण शैक्षिक वातावरण उपलब्ध गराउन महिला नेतृत्व आवश्यक रहेको निष्कर्षसहित यस्तो निर्णय गरिएको बताइएको छ।

विद्यालयका वर्तमान प्रधानाध्यापक यसै भदौ महिनामा अवकाश हुने भएकाले तत्काल सरुवा नगरिएको जनाइएको छ । अवकाशपछि विद्यालयमा महिला प्रधानाध्यापक नियुक्त गर्ने तयार 'समेत उपमहानगरपालिकाले गरेको छ।

महिला शिक्षक तथा महिला नेतृत्वको उपस्थितिले छात्रीहरूलाई थप आत्मीय वातावरण मिल्ने, सिकाइमा आत्मविश्वास बढ्ने तथा विद्यालयप्रतिको सहभागिता सुदृढ हुने विश्वास गरिएको छ।

# गठबन्धन दलबीच १५ बुँदे सम्झदारी

**मन्त्रालय बाँडफाँडमा नेकपा एमालेले ३ वटा, नेपाली कांग्रेसले ३ वटा तथा नेकपा पार्टीले २ वटा मन्त्रालय पाउने सहमति भएको उल्लेख गरिएको छ ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकार सञ्चालन था मन्त्रिपरिषद विस्तारका लागि मधेश प्रदेशका सत्ता गठबन्धनबीच दलबीच १५ बुंदे सम्झदारी भएको छ। यो सम्झदारीबाट गत चार दिनदेखि अवरुद्ध सरकारको मन्त्रिपरिषद विस्तारको बाटो खुलेको हो।

सत्ता गठबन्धन तीन दलबीच सम्झदारी पत्रको सहमतिको पहिलो बुँदामा सरकार सञ्चालन सातदलीय सहमति, समन्वय र समझदारीका आधारमा चुस्त तथा गतिशील र सुशासनको प्रत्यक्ष अनुभूति आम जनताले गर्ने गरी काम गर्ने भनिएको छ।

भएको सहमति अनुसार आगामी आर्थिक वर्ष २०८३/०८४ बाट हाल प्रदेश सरकारमा कायम रहेको मन्त्रालयको संख्या घटाइने भएको छ। मुख्यमन्त्रीसहित ९ सदस्यीय मन्त्रिपरिषद् कायम गर्ने सहमति भएको छ । मन्त्रालय बाँडफाँडमा नेकपा एमालेले ३ वटा, नेपाली कांग्रेसले ३ वटा तथा नेकपा पार्टीले २ वटा मन्त्रालय पाउने सहमति भएको उल्लेख गरिएको छ।

यस्तै आगामी बजेट निर्माण गर्दा विकास योजनामा एक करोड रुपैयाँभन्दा कम रकम विनियोजन नगरिनुका साथै विकास निर्माणका योजनाहरू खुला तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट सञ्चालन गरिने र आर्थिक वर्ष सुरु भएसँगै कार्यान्वयन प्रक्रिया अघि बढाइने सहमति भएको हो।

कर्मचारी सरुवालाई व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्ने, परियोजना बैंकमा समावेश योजनालाई प्राथमिकता दिने तथा अधुरा र अपुरा योजनालाई प्राथमिकताका आधारमा छुट्टै शीर्षक बनाएर बजेटमा समावेश गरिने सहमति भएको हो ।

सरकारको कामकारबाही थप प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा सरकारमा सहभागी दलका संसदीय दलका नेताहरू रहने गरी कार्यदल गठन गरिनेछ भने प्रदेशका कानुनहरूको संशोधन, पुनरावलोकन तथा आवश्यक नयाँ कानुन निर्माणलाई प्राथमिकतामा राख्ने भनिएको छ।

संघीय सरकार र स्थानीय तहसँग समन्वय, सहकार्य र सहअस्तित्वको भावना अनुसार काम गर्ने प्रतिबद्धता गठबन्धन दलले जनाउँदै आर्थिक सुशासन कायम गर्न नसक्ने मुख्यमन्त्री वा मन्त्रीलाई पदमुक्त गरिने र यो सरकारलाई निर्वाचनसम्म निरन्तरता दिइने सम्झदारी गरेको हो।

त्यस्तै, आर्थिक वर्ष २०८२/०८३ को कानुनी समयसीमा समाप्त भएका उपभोक्ता समिति गठनसम्बन्धी पत्रहरू रद्द गर्ने निर्णयसमेत गरिएको छ। सम्झदारी पत्रमा नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव, नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादव तथा नेकपा पार्टीका नेता युवराज भट्टराइको हस्ताक्षर रहेको छ।

# माग पुरा नभए आन्दोलनको चेतावनी



**टुडे समाचारदाता**

जनकपुरधाम। लामो समयदेखि आफ्ना माग बेवास्ता गरिएको भन्दै मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरूले मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन्। माग पूरा नभए जेठ १९ गतेदेखि कडा आन्दोलन गर्ने चेतावनी समेत उनीहरूले दिएका छन्।

प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई मधेशी शहिद एवं घाइते हकहित संघर्ष समितिले बुझाएको ज्ञापनपत्रमा मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका शहिद परिवार र घाइतेहरूको अवस्था अझै पनि दयनीय रहेको भनिएको छ।

समितिका अध्यक्ष अवधेश प्रसादले आन्दोलन र बलिदानको उपलब्धिका रूपमा स्थापित प्रदेश सरकारले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि आफ्ना मागप्रति बेवास्ता गरेको आरोप लगाएका छन्।

ज्ञापनपत्रमा शहिद परिवार तथा घाइतेहरूको सम्मान, रोजगारी, शिक्षा, स्वास्थ्य सेवा र आर्थिक सहुलियतसँग सम्बन्धित विभिन्न मागहरू समावेश गरिएको छ। समितिले प्रत्येक शहिद तथा घाइते परिवारबाट एक जनालाई रोजगारीको व्यवस्था गर्नुपर्ने, स्वास्थ्य बिमा उपलब्ध गराउनुपर्ने तथा शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने माग राखेको छ।

त्यसैगरी 'मधेशी शहिद तथा घाइते प्रतिष्ठान' लाई स्वायत्त संस्था घोषणा गर्नुपर्ने, परिचयपत्र उपलब्ध गराउनुपर्ने र बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ। विगतका आन्दोलनका घाइते तथा संघर्षमा सहभागीहरूको योगदानलाई राज्यले अझैसम्म उचित मूल्यांकन नगरेको गुनासो समेत उनीहरुको रहेको छ।

# पाँच मन्त्रालयमा सचिव पदस्थापन




**टुडे समाचारदाता**

जनकपुरधाम । निमित सचिवको भरमा लामो समयदेखि सञ्चालन हुँदै आएका मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालयमा पूर्ण प्रदेश सचिवहरूको पदस्थापन गरिएको छ।

संघीयसरकारलेगरेकोसरुवापछि मधेश प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विभिन्न पाँच मन्त्रालयमा प्रदेश सचिव पदस्थापन गरेको हो।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रशासनिक नेतृत्व अभाव झेलिरहेका मन्त्रालयमा प्रदेश सचिव पठाउने निर्णय गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशका प्रदेश उपसचिव तथा सूचना अधिकारी रोहित कुमार कोइरालाले जानकारी दिएका छन्।

प्रदेश सरकारअन्तर्गतका गृह, सञ्चार तथा कानुन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालयसहित केही महत्त्वपूर्ण मन्त्रालय लामो समयदेखि निमित्त प्रदेश सचिवको भरमा सञ्चालन हुँदै आएका थिए । प्रदेश सचिव अभावका कारण फाइल निर्णय, योजना कार्यान्वयन, कर्मचारी व्यवस्थापन तथा नीतिगत काममा समेत असर परिरहेको थियो।

मन्त्रिपरिषद्को निर्णयअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा प्रदेश सचिवका रूपमा पार्वती शर्मालाई पदस्थापन गरिएको छ । यसअघि उक्त जिम्मेवारीमा रहेका यमेन्द्र उपाध्याय लोकसेवा आयोगमा सरुवा भएपछि उनको स्थानमा शर्मालाई ल्याइएको हो।

त्यसैगरी महेश बराललाई पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा प्रदेश सचिवको जिम्मेवारी दिइएको छ। मुख्यमन्त्री कार्यालयमा प्रशासनिक तथा समन्वयकारी भूमिकालाई थप प्रभावकारी बनाउन दुई सचिवको व्यवस्था गरिएको छ।

लामो समयदेखि निमित्त सचिवको भरमा चलिरहेको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा सेवन्तक पोखरेललाई प्रदेश सचिवका रूपमा पठाइएको छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा निमित सचिव रामकुमार खँगको ठाउँमा होमनाथ पौडेल (प्राविधिक) लाई प्रदेश सचिवको जिम्मेवारी दिइएको छ। त्यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयमा ओमराज ढुंगानालाई सचिवको रूपमा पठाइएको छ।

यसअघि थप जिम्मेवारी सम्हाल्दै आएका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव रामकुमार महतोलाई अर्थ मन्त्रालयमै पदस्थापन गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूहमा रहेका युवराज अधिकारीलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयमा पठाइएको छ। उक्त मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी सम्हालिरहेका सुशील साहलाई उद्योग विभाग वीरगञ्जमा सरुवा गरिएको छ।

मधेश प्रदेश सरकारमा लामो समयदेखि सचिव अभाव तथा निमित्तको भरमा मन्त्रालय सञ्चालन हुँदा प्रशासनिक स्थायित्व कमजोर भएको भन्दै आलोचना हुँदै आएको थियो । कर्मचारी समायोजन, संघीय सरुवा र प्रशासनिक व्यवस्थापनको जटिलताले प्रदेश सरकारका मन्त्रालयहरुमा स्थायी सचिव टिक्न सकेको थिए।

# कालापानी विवादमा ३ बुँदे सहमति



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित कालापानी क्षेत्रमा बस्ती हटाउने विवाद शुरु भएको आन्दोलन लिखित सहमती पछि स्थगित गरेको छ । डिभिजन वन कार्यालयले वस्ती हटाउने गरेको प्रयासको विरोधमा स्थानीय सुकुम्बासी आन्दोलनमा उत्रेका थिए।

आन्दोलनका कारण पूर्व-पश्चिम राजमार्ग तथा बीपी राजमार्ग हुँदै आवतजावत गर्ने सयौं सवारी साधनका हजारौ यात्रुहरु बीच बाटोमै रोकिएर अलपत्र परेका थिए भने अहिले राजमार्ग ५ बजे देखि सुचारु भएपछि गन्तव्य तर्फ निस्किन थालेका छन्।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव सहित सुरक्षानिकाय जिल्ला स्तरीय प्रमुखहरु सहितको स्थानियवासी बीच यो बस्ती हटाउने कुनै पनि किसिमको काम अघि नबढाउने लिखित सहमती पश्चात आन्दोलन हाललाई स्थगित गरिएको र अवरुद्ध रहेको बाटो खुलाइएको वडा अध्यक्ष विष्टले बताएका छन्।

यअसघि सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको आन्दोलन चर्किंदा डिभिजन वन कार्यालयको गाडी जलाएका थिए । डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजय कुमार मिश्रका अनुसार सोमबार राति करिब १२ बजे वन कार्यालयको गाडीमा आगजनी गरिएको थियो।

वन क्षेत्र खाली गराउन सूचना जारी गर्न पुगेको टोलीलाई स्थानीयले नियन्त्रणमा लिएपछि अवस्था तनावग्रस्त बनेको थियो। सब-डिभिजन वन कार्यालय गढन्ताकी वन अधिकृत स्वेता झाको नेतृत्वमा पुगेको सात सदस्यीय टोलीलाई स्थानीयले रातिसम्म नियन्त्रणमा राखेका थिए । स्थानीयले विपी राजमार्ग अवरुद्ध गर्दै वन कर्मचारीलाई घेराउ गरेका थिए। पछि सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले वन कर्मचारीहरूको उद्धार गरिएको थियो।

डिभिजन वन कार्यालयका अनुसार राजाबास, कालापानी र वरडाडालगायत क्षेत्रमा करिब १ हजार १ सय हेक्टर वन क्षेत्र अतिक्रमण गरी घरटहरा निर्माण तथा खेतीपाती हुँदै आएको छ । वन कार्यालयले उक्त क्षेत्र खाली गराउन प्रक्रिया अघि बढाएपछि स्थानीय आन्दोलनमा उत्रिएका हुन् । मंगलबार बिहानदेखि पनि आन्दोलन जारी रहेको थियो।

स्थानीयवासीले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको ठाउँबाट जबर्जस्ती हटाउन खोजिएको भन्दै आक्रोश व्यक्त गरेका छन् । स्थानीय नेता गणेश बस्नेतका अनुसार सरकारले लामो समयदेखि स्थानीयको माग बेवास्ता गरेपछि आफूहरू सडक आन्दोलनमा उत्रिन बाध्य भएको हो।

# ३१ लागू औषध कारोबारी पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सामा खुला सीमाको कारण लागूऔषध तस्करीको जालो तीव्र रूपमा बढदै गएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वैशाख महिनामा मात्रै ३१ जना लागूऔषध कारोबारी पक्राउ परेका छन्।

पक्राउ परेकाहरूबाट ८ किलो ४ सय ग्राम गाँजा, १६ ग्राम ४ मिलिग्राम ब्राउन सुगर, ४ किलो ३१ ग्राम चरेस तथा ३० हजार ५ सय १७ वटा ट्रामाडोल ट्याब्लेट बरामद गरेको पर्सा प्रहरीले जनाएको छ।

गएको शनिबार राति पर्सा प्रहरीले खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित दुई युवकलाई पक्राउ गरे। ना ३९ प २५३२ नम्बरको स्प्लेन्डर मोटरसाइकलमा भेडियाहीबाट मिलनचोक तर्फ आउँदै गरेका वीरगन्ज-३२ परसवाका २० वर्षीय राहुल सिंह र बारा जितपुर सिमरा-७ खालका टोलका १९ वर्षीय नन्दन गुप्ताको साथबाट प्रहरीले ८ ग्राम ४० मिलिग्राम लागूऔषध बरामद गरेको थियो।

गएको वैशाख २५ गते वीरगन्ज-१६ स्थित शंकराचार्य गेट चेकपोस्टमा भारतबाट नेपालतर्फ आउँदै गरेका चार जना लागूऔषध तस्करलाई प्रहरीले नियन्त्रणमा लिएका थिए। ६ सय मिलिग्राम खैरो हेरोइन सहित २७ वर्षीय विकासकुमार साह र २३ वर्षीय कविन पराजुली पक्राउ परेका थिए भने ५ ग्राम खैरो हेरोइन तथा शून्य दशमलव २५ मिलिग्राम सेतो हेरोइन सहित २० वर्षीय सागर घिमिरे र २३ वर्षीया पूजा जिम्बालाई पक्राउ गरिएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

प्रहरीले ३ ग्राम ३७ मिलिग्राम खैरो हेरोइन सहित २९ वर्षीय अन्जन थापा र १९ वर्षीय रोमश बम्जनलाई नियन्त्रणमा लिएको थियो। साथै ५३ वटा प्रतिबन्धित ट्याब्लेट सहित ३७ वर्षीय राजु बनियाँ र ५२ वर्षीय अलिहदन मियाँ पनि पक्राउ परेको हो।

पर्सा प्रहरीले 'लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान' सञ्चालन गरेपछि दैनिकजसो साना स्तरका कारोबारी पक्राउ पर्न थालेका छन्। प्रहरीका अनुसार वीरगन्ज कारागारमा सजाय भुक्तान गरिरहेका कैदीबन्दी मध्ये झण्डै आधा जसो लागूऔषध मुद्दासँग सम्बन्धित रहेका हुन्। पछिल्लो समय महिलाहरू समेत लागूऔषध कारोबारमा संलग्न हुँदै गएको प्रहरी तथ्यांकले देखाएको छ।

पर्सा प्रहरीका प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतका अनुसार लागुऔषधको कुलतमा फसेकाहरू भारतबाट लुकाइछिपाइ लागूऔषध ल्याउने र सेवन गर्ने प्रवृत्ति बढ्दो छ। खुला सीमा, वैज्ञानिक परीक्षण प्रणालीको अभाव तथा भारतमा सहज रूपमा उपलब्ध प्रतिबन्धित औषधिहरूका कारण नेपाली युवाहरु कुलतमा लाग्दै जाँदा सुरक्षाकर्मीलाई लागूऔषध नियन्त्रण मुख्य चुनौती बन्दै बनेको छ।

# लोकसेवा र जनलोकपालमा सदस्य नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम। लामो समयदेखि रिक्त रहेको मधेश प्रदेशको लोक सेवा आयोग र जनलोकपाल आयोगमा नयाँ सदस्य नियुक्त गरिएको छ।

प्रदेश लोकसेवा आयोगको सदस्यमा धनुषाको सबैला नगरपालिका-६ निवासी विमला यादवलाई नियुक्त भएको छ । यस्तै जनलोकपाल आयोगको सदस्यहरुमा महोत्तरीको औरही नगरपालिका वडा नं ७, निवासी संजीव कुमार झा र श्रीपुर वडा नं. आठ निवासी कुमारी सुजाता विमल नियुक्त भएको हो।

प्रदेश प्रमुख कार्यालय जनकपुरधामले दुईवटै आयोगका नवनियुक्त सदस्यहरुलाई प्रदेश प्रमुख डा. सुरेन्द लाभ कर्णले शपथ ग्रहण गराएका छन । प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम गठित सिफारिस समितिको सिफारिसमा धनुषाको सबैला नगरपालिका-६ निवासी विमला यादवलाई प्रदेश लोक सेवा आयोगको सदस्य पदमा नियुक्त गरिएको जनाएको छ।

मधेशका प्रदेश प्रमुख सुरेन्द्र लाल कर्णले यादवलाई आयोगको सदस्य पदमा नियुक्त गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता विष्णु देव साहद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। मधेश प्रदेश लोक सेवा आयोगमा यसअघि अध्यक्ष पदमा डा. शिवराम यादव नियुक्त भएका थिए।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरु मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८